साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ११ २०८२ असोज २१ गते मंगलबार (Oct. 7, 2025) मूल्य रू. १०/-

नेपोटिजम, भ्रष्टाचार, अपराधीकरणले ग्रस्त भएको थाइलेण्डमा ३० को दशक र १९७३ मा आन्दोलन भयो । पहिलो आन्दोलनमा सयौंको हत्या भयो भनेर १९७३ अक्टोबर १४ मा ७७ जनाको मृत्यु भयो, ८५७ घायल भए ।

परिवर्तन भयो । युनिभर्सिटीका विद्यार्थीले सत्ता चलाए । सफल भए । सक्ने रहेछन् त युवाले सरकार हाँक्न । भदौ २४ मा नेपाली युवाले सत्ता पल्टाए, सत्ता हाँक्न सकेनन् ।




## २०६३ वैशाख १० गतेको सहमति

माओवादीसहितका ७ दलहरूले राजासँग गरेको ५ बुँदे सहमति के थियो ?

१. परिवर्तन २०४७ सालको संविधानमा टेकेर गर्ने ।

२. बिघठित प्रतिनिधिसभा पुन:स्थापना गर्ने ।

३. बहुदलीय व्यवस्था कायम राख्ने ।

४. संवैधानिक राजसंस्था युगयुगसम्म कायम राख्ने ।

५. यी सबै सहमति इमान्दारिताका साथ कार्यान्वयन गर्ने ।

यो सहमति राजनीतिक दलहरूले तोडे । कुनै सहमति गरेको छैन भनेर माधवकुमार नेपालले पटक पटक दोहोऱ्याए । तर.....

२०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनबाट सबै राजनीतिक दलहरू ज्यान जोगाउन भागे, लुके । संविधान सकियो, अदालत खरानी भयो, संसद धुलोपिठो भयो । राष्ट्रपति भवन, प्रधानमन्त्री निवासमा आगो लाग्यो । केही बाँकी रहेन । सेनाले सहजकर्ताको भूमिका निभाएर निकास निकाल्न अघि सरको अवस्थामा राष्ट्रपति र राजनीतिक दलहरूको गोप्य बैठक बस्यो, राजतन्त्र पुनस्थापना गर्ने बिकल्प अघि सारियो । यो प्रस्ताव गर्ने माधवकुमार नेपाल नै थिए, अन्य दलहरूले सहमति गरे र प्रस्ताव पूर्वराजाकोमा पठाइयो । राजाले सबेको लिखित सहमतिबिना तैयार नभएपछि स्थितिले यू टर्न लियो, अन्तरिम सरकार बनाइयो । संवाद, सहमति र सहकार्य नहुने हो भने भत्किसकेको कानुनव्यवस्थाले धान्दैन, अराजकता बढ्छ । चुनाव नहुने संशय उठिसक्यो । त्यसपछि के हुन्छ ? कोही भन्न सक्दैन । राजनीति दलहरू सच्चिऊ, नयाँ पुस्तालाई नेतृत्व देऊ, देश बचाउन जेनजी पुस्तालाई साथ देऊ । अझै षडयन्त्र गर्नु भदौ २४ को अराजकता निम्त्याउनु हो भन्छन् विश्लेषकहरू ।

# ओली फेरियो, बोली फेरिएन

कांग्रेस एमालेको गठबन्धन अर्थात शेरबहादुर देउवा र केपी ओलीको गठबन्धन भत्काउनु, ओलीलाई फेर्नुमात्र जेनजी पुस्ताले यति ठूलो आन्दोलन गरेका हुन् त ? आन्दोलनपछि जेनजीपुस्तालाई महको झिंगा पन्छाएझैं पन्छाएर को को, के कसरी सत्तामा पुगे ? तिनको बोली व्यवहार फेरि किन उही पुरानै तरिकाको छ । यति ठूलो आन्दोलनपछिको परिवर्तनमा के के परिवर्तन आयो अथवा आउने सम्भाबना छ ? प्रश्नहरु गम्भीर छन्, जेनजी पुस्ता मौन छ । पुराना भ्रष्ट, राष्ट्र जनघातहिरु बिस्तारै अँध्यारो कोठाबाट टाउको उठाएर जेनजी पुस्ता र बनेको अन्तरिम सरकारलाई धम्कीको भाषामा च्यालेन्ज दिन थालिसकेका छन् । यही संविधान, यिनै नेता, प्रशासन, उस्तै तरिकाले चल्ने हो भने जेनजी किन सहिद भए ? तिनको सराप नलाग्ला ? डढेका सम्पदा राष्ट्रका सम्पत्तिको भार नलाग्ला ?

हो, २०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनले सत्ता संवैधानिक सत्ता पल्टाएकै हो । संविधान पल्टायो । राष्ट्रपतिदेखि प्रत्येक राजनीतिक नेताहरुको भागाभाग भयो । इतिहासमै नभएको ठूलो, पुरानो र प्रजातान्त्रिक भनिएका कांग्रेस सभापति शेरबहादुर देउवा दम्पत्ति रगतपच्छे भएर कुटिए । सिंहदरवार, सर्वोच्च अदालत, संसद, राष्ट्रपति भवन, प्रधानमन्त्री निवास जलाइयो । लोकतान्त्रिक गणतन्त्रको जरोबुटो केही बाँकी रहेन । आगो, धुवाँ, धुलोमा परिणत भयो ।

जेनजीले जिते । जेनजी विजयी भयो । अब भने नेपालबाट नेपोटिजम, नेपोबेबीइजम, भ्रष्टाचार, अपराधिकरण केही बाँकी रहनेछैन । सुशासनको सुरुआत हुनेछ । समानता र योग्यताको कदर हुनेछ भन्ने आशा पलायो । जब भदौ २७ गते जेनजीले ७३ वर्षकी पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनाए, प्रधानमन्त्रीले मरिसकेको संविधानअनुसार सपथ खाइन्, त्यतिबेलै जेनजी आन्दोलनमा घूसपैठ भएको र जेनजी पुस्तालाई उपयोग गरियो भन्ने आशंका भइसकेको थियो ।

जब अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिमण्डलमा एकजना पनि जेनजीपुस्तालाई समेटिनन्, राष्ट्रका नाममा संवोधन गर्दा जेनजीले भदौ २३ गते उठाएका सबै माग बिपरित यो




सरकारको काम फागुन २१ गते चुनाव गराउने मात्र हो भनिन्, त्यसपछि सबैले विश्वास गरे कि जेनजी पुस्ता सत्ता परिवर्तनको हतियारका रुपमा मात्र प्रयोग भए ।

यो एक महिनाको समयमा जेनजी पुस्ता संगठित हुनसकेनन्, जेनजीहरुलाई धेरै टुक्रामा बिभाजित पारिएको छ । एकथरि जेनजीहरु लोकतन्त्र भनिरहेका छन्, अर्काथरि अभिभावकका रुपमा राजतन्त्र चाहिने रहेछ भन्छन्, सुदन गुरुङ संविधान त चाहिने रहेछ, संविधान फाल्न सकिएन, फाल्दा विदेशीले हस्तक्षेप गर्ने खतरा थियो भनेर हल्का टिप्पणी गर्दै टकटकिन पुगेका छन् । अर्काथरि जेनजी पनि छन्, असोज २३ अर्थात अक्टोबर ९ का दिन अर्को जेनजी आन्दोलन हुनेछ भनिरहेका छन् । अर्काथरि जेनजी पनि छन्, जो भदौ २३ मा कुनै पनि आन्दोलनका कार्यक्रम छैन भनेर प्रष्टिकरण दिइरहेका छन् ।

साह्रै घतलाग्दा, आशलाग्दा जेनजी पुस्ताले अझै आफ्नो विचार, संगठन, सिद्धान्त, लक्ष्य, योजना प्रष्ट पार्न सकेका छैनन् । जेनजीले किन आन्दोलन गरेका थिए, जेनजी पुस्ताको माग के के हुन् ? तिनले आफ्ना माग कसरी पूरा गर्ने चाहना राखेका छन् ? स्वेतपत्र जारी गरेका छैनन् । लाग्छ जेनजी पुस्ता बुढोपुस्तालाई परास्त गरेको महिनादिनमा पनि अन्यौलमै छन् । नयाँ पुस्ता अन्यौलमा हुनु, पुरानो पुस्ता र पुरानै ढर्राले शासनसत्ता चल्नु र भदौ २३, २४ को आगजनी, हिंसाको जिम्मेवार जेनजी पुस्ता नै हो भनेर धमाधम पक्राउ गरेर यातना दिन थाल्नुले जेनजी पुस्तालाई षडयन्त्रकारीहरुले उपयोग गर्ने दुस्साहस गरे भन्ने प्रष्ट छ ।

यतिबेला चर्चा छ, बारबरा फाउण्डेशन, समता फाउण्डेसन, मेयर बालेन साहहरुको । यिनीहरुले जेनजी पुस्तालाई उपयोग गरेको भनिदैछ । के हो वास्तविकता ? जेनजी पुस्ता भनेको देशको भविष्य हो । भविष्य अन्धकार हुनुहुन्न, जेनजी पुस्ता बोल्नैपर्छ, जेनजी पुस्ताले केपी ओली फरियो, शासन सत्ताको ढर्रा फेरिएन किन ? भन्ने कुराको प्रष्टिकरण दिनैपर्छ । ७६ भन्दा बढी नवयुवाको हत्या, सयौंको अंगभंग, घायल अवस्थाप्रति न्याय गर्नैपर्छ । अन्याय भयो भनेर जेनजी पुस्ता उठेका हुन्, आमनागरिकले जेनजी पुस्तालाई साथ र सहयोग दिएकै हुन्, जेनजी पुस्ताले हाइज्याक भएको सत्ता खोसेर युवा सक्षम छन् भनी देखाउनै पर्ने बाध्यकारी स्थिति छ । दुर्गा प्रसाईदेखि राप्रपासम्म, प्रभु साहदेखि पुराना पार्टीहरुले पनि छठपछि आन्दोलन गर्ने भनिसकेका छन् । अर्थात् अराजकता बढ्दो छ । चुनाव हुनसकेन भने के हुन्छ ? यही अन्तरिम सरकारको निरन्तरता हुनछ कि संसद पुनर्स्थापना हुन्छ ? सेनाले सबै पृतनापतिसँग छलफल गरिसकेको छ कि स्थिति बिग्रन सक्छ । सेनाको सचेतनाले पनि प्रष्ट पार्छ कि अराजकता बढ्न सक्छ । अहिले नै देशका विभिन्न भागमा लुटमार चलिसकेको छ । आन्दोलनले छरपस्ट बनेको कानुनव्यवस्था स्थिर हुनसकेको छैन, अर्थात् चुनाव हुन सकेन भने इमरजेन्सी लाग्नसक्छ । जेनजी पुस्ता विवेकशील छ । राजनीतिमा दखल नहुँदा आफूले हाँक्नुपर्ने सत्तामा पुन: षडयन्त्रकारीहरुले हस्तक्षेप गर्न पुगे । यसरी जेनजीपुस्ताले देशलाई खरानी बनेको हेरेर बस्ने होइन, सत्ता र प्रशासन हातमा लिएर पुननिर्माण गर्न सक्छौं भन्ने सन्देश दिन अबेर गर्नुहुन्न ।

## वीपीलाई धोका दिंदा रगतपच्छे




प्रजातन्त्रबिना राजतन्त्र रहदैन, राजा नभए देश पनि बाँच्दैन । राजतन्त्रलाई फ्याँक्ने उद्योग हामीले गर्नुहुँदेन ।

*- वीपी कोइराला*

खान नपाएको पेटमा अन्न जाओस्, हाँस्न नपाएको ओठमा हाँसो आओस्, रोगीले ओखतीमूलो पाउन्, केटाकेटीलेपढ्न पाउन् भनेर नै हामी रानजीतिमा लागेका हौं । मन्त्री हौंला, ठूला ठुला कुर्सीमा बसौंला भनेर संघर्ष गरेको होइनौं ।

*- वीपी कोइराला*

आज नेपाली कांग्रेस कहाँ छ, हालत कस्तो छ ? जेनजी पुस्ताको आन्दोलनले कांग्रेस सभापति शेरबहादुर देउवा र परराष्ट्र मन्त्री रहेकी उनकी पत्नी डा.आरजु देउवालाई रगतपच्छे हुनेगरी कुटिए । प्रजातन्त्रको बिडा उठाएको नेताको रगतमात्र बगेन, घर खरानी भयो, घरमा अरवौं नोटका गड्डी पनि जलाइयो । भनिन्छ, लुटपाट पनि भयो । एकजना पनि कांग्रेस देउवालाई बचाउन अग्रसर भएन । हरेक कांग्रेस लुकेर बसे । अचम्म त यति भयो कि बहुदलपछिका लोकतन्त्रवादी कुनै नेताले मुख देखाएनन् । आज संविधान चाहिन्छ, संसद चाहिन्छ भनेर वक्तव्यवाजी गर्नेहरु अहिले पनि समाजमा उभिन सक्दैनन् । किन ?

किनकि बहुदलदेखि गणतन्त्रसम्मका नेताहरुले चलाएको नातावाद नै हो । भ्रष्टाचार र कमिशनको राजनीति नै हो । ०४६ सालतिर चप्पलेहरु यतिबेला अर्वपति खर्बपति छन् । राजनीति गर्नेहरुले समाज परिवर्तन गरेनन्, आफूपरिवर्तन भए, स्वार्थको थाङ्नो बनेर शासनव्यवस्था चलाए । त्यसैको आक्रोशमा नेताहरु, भ्रष्टहरु परे, जेनजी पुस्ता जाग्दा वीपीका उत्तराधिकारी रगतपच्छे भए । शेरबहादुर देउवा वीपीको उत्तराधिकारी, अनुयायी हुँ भन्थे । वीपीलाई ढाँट्दा, आज नेपाली प्रजातन्त्रवादीहरु कसरी खरानी खरानी हुनपुगे ?

## त्रीमूर्तिदेखि भ्रष्टहरुको राजीनामा



त्रीमूर्ति अर्थात केपी ओली, शेरबहादुर देउवा र प्रचण्डले कांग्रेस, एमाले, माओवादी पार्टीबाट नेतृत्व पुस्तान्तरण गर्न माग भएको छ । सम्भाबना कम छ तर समय र राजनीतिक परिवर्तनको माग यही हो ।

र, यी तिनै जनाको भाग शान्ति जयनेपालको सिद्धान्तमा नियुक्ती पाएका जो संवैधानिक अंगमा, अधिकारी, पदाधिकारीहरू, आयोग, संस्थान, बोर्ड, प्राधिकरण, कुटनीतिक नियोगमा छन्, तिनले तत्कालै राजनीमा दिनु उचित हुनेछ । यही नै उनीहरूको हित, सुरक्षा र राष्ट्रको भलो हो । नैतिकता तत्काल देखाउन् ।

यसैवीच जेनजी सुदन गुरुङले प्रधानमन्त्री बसेको बैठकमै माग गरेका छन्-

- प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले राजीनामा दिउन् ।
- न्याय परिषद् पुन:संरचना गरिहाल्नुपर्छ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुख प्रेम राईलाई हटाइयोस् ।
- रिक्त न्यायाधीश, प्रधानन्यायाधीशमा नयाँ नियुक्ति गरियोस् ।
- आन्दोलनमा विध्वंश र तोडफोडमा संलग्नलाई कारबाही नगरियोस् ।
- सात दिनभित्र आन्दोलनरत पक्ष र राष्ट्रपतिले हस्ताक्षर गर्नुपर्ने ।
- क्याबिनेट र सचिवालयमा जेनजी प्रतिनिधि अनिवार्य सहभागी गराइयोस् ।
- जेनजी आन्दोलनलाई 'जनआन्दोलन ०८२' नामकरण गरियोस् ।
- केपी ओली, रमेश लेखक, महेश बस्नेतलाई गिरफ्तार गरियोस् ।

*स्मरणीय छ, मन्त्रिपरिषदमा भारतीय प्रतिनिधि बस्ने गर्थे, राजा महेन्द्रले हटाएका हुन् । अब मन्त्रिपरिषदमा जेनजी प्रतिनिधि बस्ने माग भएको छ ।*

## भ्रष्टलाई कारवाही अनि निर्वाचन



गृहमन्त्रीले प्रष्ट पारेका छन्- भ्रष्टाचारीलाई कारवाही नगरी निर्वाचन सम्भव छैन । आम प्रश्न छ- महिना दिन भइसक्यो भ्रष्टाचारीलाई कारवाही र हत्यारालाई दण्ड खोई ? यसबारे गृहमन्त्रीले मौनता साधेका छन् ।

## देउवाले ७ करोड मागेको खुलासा

यी हुन् नेपाल प्रहरीका पूर्व एआईजी विश्वराज पोखरेल । यिनले खुलासा गरेका छन्- देउवा प्रधानमन्त्री थिए,



आइजीपी बन्ने भए ७ करोड ल्याउ भनेर फरक फरक विचौलिया पठाएका थिए । आफू सिनियर भएकाले ७ करोड माँगिएको तर आफूभन्दा जुनियरसँग ४ डबल अर्थात् २८ करोडसम्म मागिएको उनको दावी छ ।

स्मरणीय छ, उनले पैसा बुझाउन नसकेकाले आइजीपी बन्न नपाएको खुलासा पनि गरेका छन् ।

यो हदको भ्रष्टाचार, कुशासन अब अन्त्य होला त ? यस सम्बन्धमा जेनजी, सरकार केही पनि बोलिरहेका छैनन् ।

## दक्षिण अफ्रिकामा शिव मन्दिर



- दक्षिण अफ्रिकाको क्वाजुलु नतालमा रहेको शिवमन्दिर हो यो । त्यस देशमा शिव, विष्णु, दुर्गा र गणेशका थुप्रै मन्दिरहरू बनेका छन् । (विश्व हिन्दु परिषद किन अनुसन्धान गर्दैन ?)



हरि मञ्जुश्रीको खोज



युवा आवाज - धर्मरत्न श्रेष्ठ
dharma_pradhan@live.com

# को बन्छ बहादुर शाह

सिक्किमका लेण्डुप दोर्जीले १९७५ मा देशलाई भारतको हिल्ला लगाइदिए । उनको जीवनको उत्तरार्द्ध आमनागरिकको घृणामा बित्यो, घृणा सहन नसकेर उनले मृत्यु बरण गर्नुपऱ्यो । हो, उनी जीवनको उत्तरार्द्धमा खूब पछुताएका थिए, गल्ती गरें भनेर पश्चाताप गरेको थिए । हतारमा, स्वार्थन्ध बनेर गल्ती गर्नेहरू यसैगरी फुर्सदमा पछुताउने गर्छन् । यस्ता व्यक्तिहरू इतिहासका पानामा कलङ्क बनेर सर्वकालिक रूपमा घृणाका पात्र बन्छन् । नेपाल यस्तै दोबाटोमा पुगेको छ ।

मिर्जाफरको इतिहास पनि यस्तै हो । भारतमा अङ्ग्रेजको शासनकाल । अङ्ग्रेज राज्यबिस्तार गर्दै थियो । अङ्ग्रेजले बंगाली सेनामा लोभीपापी खोज्ने क्रममा नबाबका सेनापति मीरजाफर व्यक्तिगत लाभ हुन्छ भने देशै बेच्न तैयार रहने व्यक्तिका रूपमा भेट्टायो र उसलाई हतियारका रूपमा प्रयोग गर्न थाल्यो । मीरजाफर



अंग्रेजले दिएको र देखाएको शक्ति र सम्पत्तिमा यसरी लोभियो कि उसले सेनापतिको निर्णय हैसियतसमेत अंग्रेजका सेनापति रोबर्ट क्लाइबललाई दिन पुगे ।

यिनै मिरजाफरलाई अंग्रेजहरू आज पनि हड्डी दिएपछि चुसेर बस्ने कुकुर प्रवृत्ति ठान्छन् । किनभने अंग्रेजले नवाव बनाइदिन्छु भनेको भरमा मीरजाफरले आफ्नो मुलुक, आफ्ना नबाबलाई धोका दिएर अंग्रेजको सेवा गरेको थियो । हो, उनले पर्याप्त धन सम्पत्ति पाए तर देशप्रतिको गद्धारीले गर्दा आज पनि मीरजाफर भन्ने व्यक्तिको नाम कलंकित पात्रको रूपमा लिइन्छ । कुनै नेतालाई देशघातक होस् भन्न पऱ्यो भने मीरजाफरजस्तो भनेर घृणा गर्ने चलन चलिरहेकै छ । मीरजाफर सरापजस्तो उपमा हो । नेपालका कतिपय शासक प्रशासक, नेताहरूलाई पनि यतिबेला मिरजाफरको उपमा दिन थालिएको छ ।

त्यतिबेला मीरजाफरको देशघातका कारणलेअंग्रेज शासन बलियो भएको थियो । यतिबेला हाम्रा कतिपय नेतृत्वको कारण नेपाल कमजोर बन्दैछ ।

नेपालमा किन मीरजाफरको चर्चा चलिरहेको छ भने एमसीसी पास गरियो, किन गरियो, कति लाभ हुनछ कुनै शासक प्रशासकले जनतालाई सुसूचित गरेका छैनन् । पटक पटक चीन भ्रमण गरेर फर्केका प्रम प्रचण्ड, प्रम ओलीले बीआरआई कार्यान्वयनमा लैजाने निर्णय गरेर आएका थिए । २०१७ मा नेपाल सहभागी भएको बीआरआई अन्तर्गत कुन कुन योजना लागू हुँदैछ, सरकारले भनेको छैन । दक्षिणा भारत त सदैव नेपालमाथि हस्तक्षेप र अतिक्रमणकारी बनेरै रहेको छ । यी कुनै पनि घटनाक्रममा नेपालको संसद र सरकारले स्पष्ट नीति बनाएकै छैनन् ।

जेनजी आन्दोलनपछि नेपालको राजनीति गाँजेमाजे बन्न पुगेको छ । अबका दिनमा चीन भारतको मात्र होइन, अन्य विश्वशक्तिको भूमिका के हुने, नेपालले कसरी अराजकताबाट पार पाउने भन्ने पनि अनिश्चित बन्न पुगेको छ ।

देशको स्वाधीनता र सार्वभौमिकताको विषयलाई पन्छाएर हरेक पार्टी मिसन ०८४ को कुरा गर्दागर्दै आगामी फागुन २१ मा चुनाव हुने घोषणा भएको छ । चुनाव होला कि नहोला ? भन्न सकिन्न । राजनीति द्वन्द्वमा गइसकेको छ । फेरि सम्हाल्न सेना नै अग्रसर हुनुपर्ने स्थिति पनि टड्कारो देखिदैछ ।

अहिलेसम्मका गल्तीको जिम्मेवार को हो ? गत चैत १५, यो भदौ २३, २४ को जिम्मेवार को को हुन् । स्पष्ट छैन । ठूलो धनजनको क्षति भइसकेको छ । विकास भन्दा भन्दै अराजकताको मुखमा पुगेका छौं । नेपाल हाइटी, सोमालिया बन्ने त होइन, लुटपाट र हिंसाले रक्तपात मच्चिने त होइन भन्ने आशंका छ ।

देशभित्र बहादुर शाह जस्ता जेनजी निस्किए तर बहादुर शाह नै बन्न कोही तैयार देखिएनन् । मीरजाफरको बिगबिगी छ, देश संकटमा फसिसक्यो ।

## कांग्रेसभित्र उठेको आवाज

आगोका स्वरूप अनगिन्ती हुन्छन् । भौतिक रूपमा देखिने आगोले प्रत्यक्ष रूपमा जलाउने काम गर्छ भने, यसको अन्य स्वरूपले पार्ने असरबारे सोच्दा एक डर लाग्दो दृश्यको कल्पना गर्न सकिन्छ–जुन स्वाभाविक पनि हो ।

नेपालको राज

हामी चाहन्छौँ–हामी भष्म खरानी नबनौँ । यदि त्यस्तो हो भने, अब सोच्ने बेला आएको छ । हामीले हाम्रो राष्ट्रिय एकताको प्रतीक राजसंस्थालाई केन्द्रमा राखेर २०४७ सालको सन्तुलित संविधान स्वीकार्नुपर्छ ।

# नेपाली गणतन्त्र, हालैको क्रान्ति र अन्तरिम प्रधानमन्त्री

***यदि त्यतिबेलाको संसद्का धेरैजसो सदस्यहरूले आफ्नो अन्तस्करण सुनेर देशको गिरावटको यथार्थ देखेका भए–यदि उनीहरूले अनियमितता, भ्रष्टाचार र कुशासनमा रमाई हिस्सेदारी नलिएका भए–त्यस्तो स्थिति आउने थिएन ।***

हाम्रो मुलुक नेपाल संविधानमा धनी तर विकास र समृद्धिमा गरिब मुलुक हो। सन् १९४८ देखि अहिलेसम्म हामीसँग सातवटा संविधान बनेका छन्–१९४८, १९५१, १९५९, १९६२, १९९०, २००७, र २०१५। हरेक संविधान स्वतन्त्रता, अधिकार र विकासको आश्वासन सहित जन्मियो। तर दशकौंको प्रयोगपछि पनि नेपाल गरिबी, भ्रष्टाचार र राजनीतिक खिचातानी,झैझगडामामा नै फँसेको छ । हामी संविधान बनाउन त निपूण भयौं, तर सामान्यतः बहुजन स्वीकार्य संविधान दिन र भएका संविधान पनि सही कार्यान्वयनमा असफल भयौं। विडम्बना स्पष्ट छः हाम्रो संवैधानिक इतिहास धनी बन्दै गयो, तर राष्ट्रिय विकास क्षय हुँदै गयो।संविधान कागतमा मात्र रहयो। संविधानमा लेखिएका हक अधिकार जनताको लागि नभई ब्यवहारमा यी सवै कुरा सरकारमा रहेका ब्यक्ति, समूह,दल, नेता र नेताका पनि झोले कार्यकर्ताहरूका लागि मात्र भए । साधारण निसहाय जनता निसहायनै भईरहन वाध्य भए।

### राजा महेन्द्रको साहसिक कदम

२०१७ साल पौष १ गते (सन् १९६० डिसेम्बर १५) को राजा महेन्द्रको कदम नेपालको राजनीतिक इतिहासमा यसको विरोधी र समर्थक दुवैको लागि एक अविस्मरणीय दिनको रूपमा अङ्कित छ । सो दिन राजा महेन्द्रले संसद् विघटन गरी प्रधानमन्त्री बी. पी. कोइरालाको प्रजातान्त्रिक रूपमा निर्वाचित सरकारलाई पदमुक्त गरे। आलोचकहरूले यसलाई “राजकीय कू” भने । समर्थकहरूले यसलाई “ऐतिहासिक कदम” भने ।

प्रधान मन्त्री कोइराला एक इमान्दार, बहुप्रतिभाशाली, सम्मानित र दूरदर्शी नेता थिए, तर उनका पनि भ्रष्ट नेता कार्यकर्ताहरूका कारण उनको सरकार पनि नातावाद,कृपावाद, पक्षपात र गुटबन्दीबाट अछुतो भने थिएन। यसको भुक्तभोगी स्वतन्त्र केही नागरिकहरू अझै मुलुकमा जीवित छन् । असन्तुष्टि विपक्षी दलहरूमा मात्र नभई स्वयं कांग्रेसभित्र पनि फैलियो।उनकै सहयात्री डा. तुल्सी गिरी, विश्वबन्धु थापा यसका उदारण हुन्।राजा महेन्द्रले निष्कर्ष निकाले–बहुदलीय प्रणालीले स्थायित्व वा विकास ल्याउन सक्दैन, बरु अनन्त द्वन्द्व मात्र बढाउँछ । त्यसैकारण उनले पञ्चायत प्रणाली ल्याए–निर्वाचन सहितको, संसद् र निर्वाचित सरकारसहितको निर्दलीय, निरपक्षीय व्यवस्था। यसले विभिन्न दलमा विभाजित पार्टीहरु अब राजनैतिक अनावश्यक झैझगडाबाट टाढा रही विकासमा ध्यान दिन सक्ने आशा राखियो ।

त्यतिबेला धेरैले यसलाई एक अलोकतान्त्रिक कदम, राजाले सत्ता आफ्नो कब्जामा लिई एकतन्त्रीय शासन चलाउन बनाएको एक औजारको रूपमा लिए। म स्वयं पनि एक युवाको रूपमा यो पङ्तिमा थिएँ । तर पछि कार्यान्वयनको क्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका धेरै नेता कार्यकर्ताहरू यसमा प्रबेश गरे। निस्पक्ष दृष्टिले हेर्दा पञ्चायत कालले पूर्वाधार, यातायात, उद्योगधन्दा, शिक्षा, स्वास्थ्य, सञ्चार, संस्कृति लगायत धेरै क्षेत्रमा उल्लेखनीय परिणाम दिएको अस्वीकार गर्न सकिँदैन। दलगत झगडाबाट मुक्त हुँदा सरकारले निर्णायक कदम चाल्न सक्ने र बिकासमा राम्रो गति लिन सकने कुरा भने यसले प्रमाणित गरयो।जुन कुरा हाल ऊ वेलाका यो ब्यवस्था विरोधी तर हाल आएर यस सम्बन्धमा सत्यवादी देखिएका कोही कोही बदुदलवादी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका नेताहरुले बोल्ने गरेका छन् । यसको दृष्टान्तको लागि मुख्यतः नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी, लेनिनबादी ) का अध्यक्ष सीपी मैनालीको नाम लिन सकिन्छ । नेपाली कांग्रेस पार्टीमा आबद्ध भई नेपालको हवाई जहाज अपहरण गरी सो जहाजमा रहेको नेपाल राष्ट्र बैङ्कको रकम लुटी पार्टीलाई बुझाउने साहसिलो योद्धा श्री दुर्गा सुबेदी (हालको अन्तरिम प्रधान मन्त्री श्री सुशिला कार्कीज्यूका श्रीमान) ले देश सञ्चार अखवारका सम्पादक श्री युवराज घिमिरेलाई दुई बर्ष अघि दिनु भएको अन्तरबार्तावाट ( जुन हिजोआज पुनः युट्युबमा देखिन्छ ) पनि थाहा पाउन सकिन्छ । यदि पञ्चायत प्रणाली पञ्चहरूको स्वार्थको लागि मात्र पेवा नगरी यसलाई समयमानै समयसापेक्ष सुधार गरी फराकिलो राजनीतिक सहभागिता समावेश गरिएको भए, यसले नेपाललाई स्थिरताको बाटो दिन सक्ने थियो भन्ने अनुमान गर्न सकिन्छ ।

### बहुदलीय लोकतन्त्र र यसको असफलता

१९९० को जनआन्दोलनले पञ्चायत प्रणालीलाई अन्त्य गऱ्यो र बहुदलीय लोकतन्त्र पुनर्स्थापित गऱ्यो। २००६ को अर्को आन्दोलनले राजतन्त्र नै समाप्त पारेर गणतन्त्रको सुरुवात गऱ्यो। यही भाद्र २३ र २४ को विद्रोह देख्दा तीन दशकको बहुदलीय शासनपछि नेपाल अझै त्यहीँ उभिएको छ–ठ्याक्कै त्यहीँ, जुनबारे राजा महेन्द्रले साठी वर्षअघि चेतावनी दिएका थिए। केही दशक यता पनि दलहरु बिच देखापरेका झैझगडा,आपसी मेलमिलाप वा गठवन्धन सबै जनता र राष्ट्रको लागि नभई सदा आफ्नै स्वार्थको लागि मात्र गर्ने गरेको कुरा जनताले नियालेका थिए । जनताले शासन प्रशासनमा सम्मिलित सबैजसो दलका मुख्य मुख्य पात्रहरुप्रति कडा विरोध जनाए। विकासको सट्टा, संसद् विघटन, मध्यावधि निर्वाचन, दल र गुटबीचको निरन्तर संघर्षजस्ता राजनीतिक अस्थिरतामा हामी डुबिरहेका छौँ। अबौं रुपैयाँ खेर गयो, तर जनकल्याण भने जस्ताको तस्तै रह्यो ।

मौलिक अधिकार, मानव अधिकार, र नागरिक अधिकार हाम्रो संविधानमा सुन्दर तरिकाले लेखिएका छन्–तर मुख्यतया कागजमै सीमित छन् । शासन कमजोर छ । भ्रष्टाचार भूमि कार्यालयदेखि नगरपालिकासम्म, कर विभागदेखि मन्त्रालयसम्म व्याप्त छ । ठूलो वा सानो घूस, अड्डा अफिसको कुनै पनि काम तामेल गराउन मूल्य बनेको छ। ठूलो भ्रष्टाचारको त कुरै भएन । काण्डै काण्डले देश ब्याप्त भएको पत्रपत्रिकामा प्रकाशित घोटाला काण्डहरुवाट जनता अब अनभिज्ञ छैनन्।आम जनताले खाना, शिक्षा, र स्वास्थ्यको बढ्दो खर्चले दुःख पाइरहेका छन् ।

यसबीच दल र नेताहरू सत्ता संघर्षमा हर समय लागेका छन्, जुन आजको महाभारतझैँ देखिन्छ–जनता पाण्डव र कौरवझैँ गुटमा विभाजित छन्। वहु संख्यक दलका कार्यकर्ताहरु बिबेक सून्य भई के ठीक के बेठिक नछुट्याई भेडाँझै नेताहरूका दास बनेका देखिन्छन् । तर ईमानदार कोही कोही सांसदहरूले भने सरकारमै रहेर पनि आफ्नो अन्तस्करणको आवाजमा सत्य बोल्ने गरेका छन् । यस सन्दर्भमा मुख्यतः श्री चन्द्र भण्डारी, सुनिल शर्मा, आशा राम तामाङ आदिको नाम अग्र पङ्तिमा देखिन्छाइश्वरको बिश्वास नगर्नेको त कुरै भएन । ईश्वरको विश्वास गर्ने मध्य पनि इश्वरको नाममा सत्यलाई स्वीकार गर्ने सांसदहरू धेरै कम छन् ।



नारायणप्रसाद मिश्र

### हालैको क्रान्ति

तर सत्ताको मद्मा रहेका नेताहरूले त्यसमा कुनै ध्यान दिएनन् । नतिजा हाम्रा सामु आयोः अकल्पनीय आन्दोलन देशभर देखा पऱ्यो, जसलाई हामीले भ्रष्टाचार, दमन, शोषण, असीमित अनियमितता र कुशासनविरुद्धको ऐतिहासिक आन्दोलन वा क्रान्ति भन्नैपर्छ । सरकारको लापरबाही र गोलीकाण्डका कारण दर्जनौँ युवाहरूले जीवन गुमाउनु परे, साथै तोडफोड, कुटपिट, आक्रमण, आगजनीले निजी र राष्ट्रिय सम्पत्तिमा धेरै क्षति पुग्न गयो–यो अत्यन्त पीडादायी थियो । हामी सजिलै कल्पना गर्न सक्छौँ, यदि त्यतिबेलाको संसद्का धेरैजसो सदस्यहरूले आफ्नो अन्तस्करण सुनेर देशको गिरावटको यथार्थ देखेका भए–यदि उनीहरूले अनियमितता, भ्रष्टाचार र कुशासनमा रमाई हिस्सेदारी नलिएका भए–त्यस्तो स्थिति आउने थिएन ।









# साहित्य : याद तिम्रो नै आइरहन्छ बारम्बार

## आमा, सोध्न मन थियो



राजेन्द्र शलभ

सोध्न मन थियो आमालाई
कति बेला उहाँ
आफ्नो बारेमा सोच्नु हुन्छ ?
बिहा गरेर आएपछि आजसम्म

खै ! कति भागमा बाँड्नु भयो आफूलाई
श्रीमती, बुहारी, देउरानी, काकी
अनि, कुन्नी कति नाताहरूमा
विभाजित हुनुभयो ।
र, सोची रहनु भयो
ती नाताहरूको खुशी मात्र !

आमा बनेपछि त
झन् उनको आफ्नो कुनै
छुट्टै ईच्छा र चाहना नै भएन
सधैं अरू कै खुशी बाँच्दा बाँच्दा
साँच्ची कहिले पनि उनलाई
आफ्नो बारेमा सोच्न
फुरसद भएन कि मन नै लागेन ?

अरूका लागि सबैथोक गर्ने
गरेर कहिल्यै नथाक्ने
उनलाई कहिले पनि
आफ्नालागि केही गर्न मन लागेन ?

यी सबै कुरा
एक्लै बसेर सोध्न मन थियो ।
तर आफ्ना बारेमा सोच्दा-सोच्दै
आमालाई सोध्ने फुरसद नै भएन
अहिले फुरसदमा सोध्नलाई
आमा नै हुनुहुन्न ।

झन् उनको आफ्नो कुनै
छुट्टै ईच्छा र चाहना नै भएन गर्ने
गरेर कहिल्यै नथाक्ने
उनलाई कहिले पनि आफ्नालागि
केही गर्न मन लागेन ?

यी सबै कुरा
एक्लै बसेर सोध्न मन थियो ।
तर आफ्ना बारेमा सोच्दा-सोच्दै
आमालाई सोध्ने फुरसद नै भएन
अहिले फुरसदमा सोध्नलाई
आमा नै हुनुहुन्न ।



नराम्ररी ठक्कर खाउला नि एकदिन
तब पो होस खुलेर आउला नि एकदिन
कति सक्छौ झुटको खेती गर्दै जाउ न !
दिमाग खुलेपछि चेत पाउला नि एकदिन ।

**- शंकर ज्ञवाली**



याद तिम्रो नै आईरहन्छ बारम्बार
तिमी बिना जिन्दगी जीउँनु छ बेकार
आईदेऊ अब त कता छौ कहाँ छौ भन,
माया बिना अँध्यारो लाग्छ यो संसार ।

**- निता गुरूङ, असम**



धर्मकै युद्धमा विश्व, कर्मको युद्ध कहाँ छ र ?
लाठीमुङ्री ऐयाआथो, चर्मको युद्ध कहाँ छ र ?
मान्छे मात्र मान्छे नै हो, धर्मलेपन किन ईश,
ड्रोन गोलाबम थाकेको, शर्मको युद्ध कहाँ छर?

**- अर्जुन अधिकारी**



भन्नु त केहि छैन अनायसै तर्किनेलाई
के भन्नु र खै बोल्दा बोल्दै झर्किनेलाई
बोलाउनु भन्दा नबोलाउनै उचित ठाने
देखे पनि नदेखेझैं उताउतै फर्किनेलाई ।

**- गंगा दहाल**



आफन्तहरूको बिछोडले बेरेको बेला
आरोह अवरोहमा पिडाले घेरेको बेला
चाडपर्व पनि नआए हुन्थ्यो जस्तै लाग्छ
घात प्रतिघातले हामीलाई नटेरेको बेला ।

**- गीताश्री शर्मा**



उमेरसँगै साँचेका सपना कहाँ गए हेर
बाआमाले हामीमा बाँचेका सपना कहाँ गए हेर
कथाले बनायो पात्र, जीवन सपना बन्दै गयो
समय परिस्थितिले गाँचेका सपना कहाँ गए हेर ।


**- निरजकुमार माझी**

# प्रिय छोरी कवितासङ्ग्रह



*अरूणबहादुर खत्री*

नेपाली साहित्यका कथा, संस्मरण, लघुकथा, मुक्तक र कविता विधामा कलम चलाउँदै आएकी साहित्यकार तारा के.सी.को प्रिय छोरी नामक कवितासङ्ग्रह चौथो कृतिको रुपमा प्रकाशित भएको छ । कवयित्री ताराको तारापुञ्ज नामक कवितासङ्ग्रह २०६७ सालमा पहिलो कृतिको रुपमा प्रकाशित भएको थियो । यो




कवितासङ्ग्रहमा प्रिय छोरी, भ्रमभित्र बाँचेको युग, वजेट भाषणमा नपरेको म, मौनता, कविता हजुरआमा, निर्भीक पहाड लगायत विभिन्न शीर्षकका ४२ वटा कविताहरु सङ्गृहीत छन् । यी सङ्गृहीत कविताहरुमध्येको एक कविता हो प्रिय छोरी यही कविता नै यस कवितासङ्ग्रहको कभर पृष्ठमा प्रमुख पात्र बन्न पुगेको देखिन्छ । प्रिय छोरी कविताभित्र प्रिय छोरी ! तिमी विश्व मानचित्र पल्टाएर आफू अनुकूलको देश खोजिरहेछ्यौ म आफ्नै घरबाट हराएको नाम खोजिरहेकी छु कवयित्रीले लेखेकी छिन् । सोध्न मन लाग्यो दले दाइ तिमीसँग के तिम्रो दर्शनमा पुरुष बोक्सा हुँदैनन् ? महिला मात्र बोक्सीको आरोपमा पोतिन्छ किन ? टेलिभिजन र अखबारको प्रमुख समाचार बनेर भ्रमभित्र बाँचेको युग शीर्षकको कवितामा कोरिएको छ ।

बाउ-बाजेले हलो जोतेका खेतहरुमा
हजुरआमा, आमाले मकै गोडेका बारीहरुमा
अब छिट्टै आउँदै छ रे पश्चिमी मुलुकबाट
आधुनिक घरको नक्सा बोकेर विकास ।

कवयित्री तारालाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछन् । मातृत्वका नयाँ आकाश समातेका छन् ताराका कविताले । पितृवात्सल्यको नयाँ गरिमा फक्रेका छन् । नारीवाद र पुरुषवादको द्वन्द्वमा उनका अनुभूतिहरु अल्झिएका छैनन् । काठमाडौं शीर्षकको कवितामा पवित्र हाम्रा यी नदी वागमती र विष्णुमती ढल र मल बोकेर बग्न छाडेपछि सौन्दर्यविहीन कुरुप बन्दैछ काठमाडौं भनिएको छ । नयाँ उज्यालो चाहिएको समाजमा अँध्यारोलाई हटाएर उज्यालो खोज्न नयाँ दृष्टिकोण बग्न दिएर वर्गीय हितका निम्ति लेखिएका सचेत कविताहरु यस सङ्ग्रहभित्र परेका छन् । पूर्णिमाको रातमा नीलो आकाशभरि चम्किरहने ती तारापुञ्जलाई सोध्न मन लाग्छ मेरी हजुरआमा कुन ध्रुवमा हुनुहुन्छ ? भनेर कवयित्री ताराले कविता हजुरआमा शीर्षकको कवितामा सोधेकी छिन् । ताराले लेखेका कवितामा जीवनको ध्वनि छ । त्यस ध्वनिले आफ्नो माटो, संस्कार, सभ्यता र पसिनालाई बढी स्पर्श गरेको बोध हुन्छ कविता पढ्दै जाँदा । युवाशक्ति पलायन भएर स्वदेश बिचलित भएको छ । नेतृत्व वितृष्ण छ । उनले लेखेका कविताहरु मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित रहेको पाइन्छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कविताहरु प्रतिकात्मक छन् । नारीप्रतिको संवेदनशीलता विशेष छ । प्राकृतिक र सांस्कृतिक बिम्बहरुले कवितालाई रोचक बनाएको छ ।

गौरीशंकर हिमाल हेर्दै आउनू
राजमार्गबाटै देखिनेछ
पर भञ्ज्याङ नजिकै
ठिङ्ग उभिएको मेरो बूढो घर ।

कवयित्री ताराले सिर्जना बेजोडले कुदिरहेको देख्न पाइन्छ । कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सूक्ष्मभन्दा सूक्ष्म कुराहरुलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवयित्री ताराले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रुपमा अभिव्यक्ति दिएकी छिन् । उनले लेखेका कविताहरु स्तरीय र तिख्खर बन्दै गरेका छन् । कवयित्रीलाई हाम्रा केही सामाजिक रीतिस्थितिहरु मन पर्दो रहेनछ । उनी त्यही रीतिस्थितिभित्रै छिन् । उनी त्यहाँबाट उन्मुक्त हुन पनि सक्दिनन् । प्रेम र माधुर्यका मात्र कविता लेख्नेहरुका लागि यो एउटा गतिलो चड्कन हुनेछ जस्तो मलाई लाग्छ । प्रेम भनेको युवा युवती बीचको मात्र नभएर प्रकृति आफ्नो मातृभूमिप्रति पनि हुन्छ भन्ने कुरा यो सङ्ग्रहले बताउछ । अधिकांश कविताहरुमा प्रकृति प्रेम झल्कन्छन् ।

मैले जाँच दिएँ बा
तर केही पनि लेखिनँ
सिकाइदिएँ त्यही नेताको छोरालाई
राख्दिनुस् बा ! हेड मास्टरसँग मेरा कुरा
म फेल हुन चाहान्छु ।

कवयित्रीको हृदय भावुक छ । उनलाई राष्ट्रको अगाध माया छ । उनी भावनामा र कर्मशीलतामा नेपाललाई देख्दछिन् । राष्ट्रका अङ्ग-अङ्गसित समाहित हुन पुग्दछिन् । कवयित्री ताराका कविताहरु भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । विद्यालयबाट उच्च श्रेणीका प्रमाणपत्रहरु बोकेर नयाँ युगको घाम कुरिरहेको उसले किन टाँग्यो होला अचानक छातीभरि लाहुरका मीठा सपनाहरु सपनाको देश शीर्षकको कवितामा कवयित्री ताराले लेख्दछिन् । अन्त्यमा उनका अन्य कवितासङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।


नजन्माऊ आमा ती कुवंशीहरु
जसले तिम्रो ममता कुल्चेर
धज्जी उडाउँछिन्
आफ्नै घर बजार थापेर
विना कर्तव्य अधिकार खोज्छन् ।

प्रकाशक: संसाक मासिकका लागि प्रशंसा कुँवर -कृति: प्रिय छोरी (कवितासङ्ग्रह)

# एटलाण्टिकका भँगाला

ज्योति के श्रेष्ठ र ममता मृदुलले पढ्नै पर्ने पुस्तक भनेर सिफारिस गरेको पुस्तक हो- किसन सिंह धामीको एटलाण्टिकका भँगाला । किसन सिंह धामी सुदूरपश्चिमका कवि हुन्, उनले कविहरुलाई दार्चुला पुऱ्याएर कालापानी, लिपुलेक, लिम्पियाधुर ाका विषयमा २०७९ सालमा साहित्यिक सम्मेलन पनि गर ाएका थिए । किसन साँच्चैका नेपालवादी कवि हुन् । हुन त उनी अमेरिका बस्छन् तर उनको मनमा, उनको लेखनीमा, चिन्तनमा नेपाल छ, नेपाल उनका लागि जन्मभूमि स्वर्ग हो ।

यसकारण ज्योति के श्रेष्ठ र ममता मृदुलले यो पुस्तकको सिफारिस गरेका हुन् । लेख्छन्-




जब परिस्थिति अशान्त हुन्छ, जब मन उदास हुन्छ, कुनै राम्रो पुस्तक पढ्नु, एकाग्र भएर पढ्नु, तब मन एकदमै आनन्दित र शान्त हुन्छ । म एउटा त्यस्तो राम्रो पुस्तकको जिकीर गर्दैछु ।

सन १९१८ मा प्रकाशित कवि किशन धामीको काव्यपुस्तक “एटलान्टिकका eBf/f]ohL;:s/0fæAtlantic” अमेजन डटकममा बिक्रीको निम्ति र ाखिएको रहेछ । मैले पनि एक थान खरीद गरेर पढ्दैछु । यसको मूल्य अमेरिकी ४१२ रहेछ (hard cover) ।

अमेरिकी प्रवासको जीवन र परिवेश समेटेर लेखिएको यो पुस्तक निकै चाखलाग्दो लाग्दैछ । कुनै आडम्बर र लिपपोत बिना श्यामश्वेत विचार शैलीमा आफुले देखेको, भोगेको अमेरिका टड्कारो रुपमा प्रखरित भएको यो पुस्तक पठनीय र संग्रहणीय छ भन्ने मेरो ठम्याई छ । म सबै कविमनहरुलाई एक थान यो पुस्तक आफुसँग सुरक्षित राख्न सादर सिफारिश गर्दछु ।

- ज्योतिकृष्ण श्रेष्ठ, ममता मृदुल

*(Gen–Z भन्ने ग्रुप कहिले स्थापना भयो ? यसका आविष्कारक को थिए ? यसले के के आविष्कार गरेको छ ? यसको मुख्यालय कहाँ छ ? यसले के के गर्दैछ भन्ने कुरा अबको दश बर्ष अर्थात ९१-९२ साल तिर Gen Alpha हरूले खोज्ने नै छन् । त्यसपछि शदाब्दी नै परिवर्तन हुनेभएकोले वि.स. २१०१-२१०२ तिर Gen Beta भन्नेले पुरै शदाब्दी नै उल्ट्याउने छु भन्यो भने तत्कालका नेपालीहरूले आश्चर्य नमान्नु होला । -किसन सिंह धामी)*







सत्यतथ्य र ताजा समाचारका लागि
www.sandhyakalin.com पढौं र
लेख, रचना, समाचार र बिज्ञापन पठाएर
सहयोग गरौं ।




| | | |
|---|---|---|
| **सम्पादक/प्रकाशक** | | **राजन कार्की** |
| **Editor/Publisher** | | **Rajan Karki** |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
**E-mail : rajan2012karki@yahoo.com**
**nepaltod@gmail.com**
**Online : www//nepaltoday.com.np**

## सम्पादकीय

# जनता निर्णायक हुन्

बहुदल र लोकतन्त्रमा जनतालाई मत दिने औजारमात्र ठानियो । भदौ २३ र २४ को जेनजी पुस्ताको आन्दोलन र बिद्रोहपछि जनतालाई मत दिने औजार ठान्नेहरुको भागम्भाग भयो । केही दिन कुनै पनि दलका कुनै पनि नेताले अनुहारसमेत देखाउन सकेनन् । तातेको वातावरण सेलाउँदै गएपछि बहुदलदेखि गणतन्त्रसम्मका नेता कार्यकर्ता सार्वजनिक हुनथालेका छन् र उनीहरुले लोकतान्त्रिक गणतन्त्रकै वकालत गर्न थालेका छन् । बिघटन भएको संसद पुनर्स्थापनासम्मको माग गर्न थालिसकेका छन् ।

बहुदलपछिको ३८ वर्ष, लोकतन्त्रपछिको १८ वर्षमा स्थिति यस्तो थियो कि जति भ्रष्टाचार गरे पनि हुन्छ, जति आफू र आफ्ना परिवारवाद चलाए पनि हुन्छ, जनता भनेको सहनका लागि हो, चुनावका बेलामा मतदान गर्ने औजार मात्र हुन्, चुनावमा पैसा दियो, मासुभात खुलायो, चुनाव जित्न सकिहालिन्छ भनेर पार्टी र नेताहरुले एकछत्र लुटतन्त्र चलाउँदै आएका थिए । परिवारवाद चलाउँदा श्रीलंकामा जे जस्तो घटना घट्यो, मनपरी शासन चलाउँदा बंगलादेशमा जेजस्तो दुर्घटना भयो, त्यसबाट नेपालका शासक प्रशासकले चेतेनन् । नेपोटिजम र नेपोबेबीइजम चलाइरहे । जनताको सबर टुट्यो भने, जनताले बिद्रोह गर्‍यो भने कसैले पनि त्यो जनसलहलाई रोक्न नसक्ने रहेछ, त्यसरी जनता सडकमा निस्किसकेपछि सेना वा प्रहरी, कुनै पनि सुरक्षानिकायले सुरक्षा नदिने रहेछ भन्ने पछिल्लो छिमेकी उदाहरणबाट पनि हाम्रा नेताहरुले पाठ सिकेनन् । त्यसपछि भदौ २३ र २४ गते नेपाली जेनजी पुस्ता सडकमा निस्किए, आन्दोलन गरे, आन्दोलन बिद्रोहमा सल्कियो, आगो बल्यो, आगो डढेलो बन्यो र सिङ्गो नेपाल, लोकतान्त्रिक गणतन्त्र खरानी बन्यो ।

हो, घूसपैठ भयो होला । हो, एउटा छिमेकीलाई अर्को छिमेकीले देखिस् भनेर गिज्यायो होला, कुनै विश्वशक्तिले आफ्नो ताकत देखायो होला । तर घाटा नेपाल र नेपालीलाई भयो । ७६ जना नवयुवा मारिए, राज्यआतंक चलाइयो तर न संविधान बच्यो, न यो पद्धति । लोकतान्त्रिक गणतन्त्र नेपाल चलाउने नेता, तिनका सहयोगीहरु कलंकित बन्नपुगे । भदौ २३ गते नेपालका लागि कालो दिन बन्यो । बहुदल कालारात्रि बनेको थियो, गणतन्त्र कालो दिन बन्नपुगेको छ । नेपाल ५० वर्ष पछि त धकेलियो, नेपालको अस्तित्व नै खतरामा पर्न गएको छ । नेपाल असफल राष्ट्र भइसकेको छ । यसलाई कसरी करेक्शन गर्ने, कसरी शान्ति, स्थिरता र सुशानमा लैजाने ? अझै पनि कुनै बहस चलेको छैन । सबै खाले राजनीतिक शक्तिहरुवीचमा संवाद, सहमति र सहकार्य गर्ने सुरुआतमा चर्चा समेत भएको छैन । अझै भुलभुलैयामा पार्न फागुन २१ को चुनाव भनेर संकटलाई ढाकछोप गर्ने षडयन्त्र हुँदैछ ।

परजीवी राजनीति, परजीवी अर्थव्यवस्थाले कति दिन चलाउन सकिन्छ ? नीति, नेतृत्व र राजनीतिमात्र होइन, कानुन व्यवस्थाभित्रसमेत विदेशीको हस्तक्षेप, घुसपैठ घुसेको छ । अन्यौल बढेको छ, स्थिति कुहिराको काग बनेको छ । जेनजीहरुले एकमत एकढिक्का बन्न बनाउन सकेको स्थिति छैन । यसकारण नेपालको यो तरल अवस्थाले कस्तो आकार लिन्छ भन्न सकिन्न ।

अब के हुन्छ ? यही जिज्ञासा हरेक नागरिकको चासोको विषय बनेको छ । एकथरि चुनाव हुन्छ भन्छन्, अर्कोथरि चुनाव हुँदैन, फेरि सैनिकले सम्हाल्नुपर्ने स्थिति विकास भएको बताउँछन् । सेनाले समेत तिहारपछि स्थिति बिग्रने भनेर रणनीति बनाउन बैठक गरिसकेको छ । भ्रष्टाचार, नीतिहीनता र राजनीतिक अपराधिकरणका कारणले बिग्रे भत्केको राष्ट्रिय अवस्थालाई स्थिरता र अस्तित्व रक्षा गर्न अभिभावकीय भूमिकामा कोही नभएकाले जनताले विश्वास गर्ने परम्परागत संस्थालाई आग्रह गर्नुपर्ने मन मत बनाउन थालेका छन् । पूर्वाग्रही, भ्रष्ट, देशद्रोही दलहरु अझै नचेत्नु भनेको बर्वादीको अर्को श्रृङ्खलाको सूत्रपात हुनसक्छ । सक्किने कि सुध्रने ? राजनीतिक दलहरुले नयाँ पुस्ता, सबै राजनीतिक शक्तिसँग संवाद गर्नु जरुरी छ ।

# भदौ २३ र २४ गते फुटेको छिपाको घ्याम्पो




बहुदलपछिको ३८ वर्ष र लोकतन्त्रको १८ वर्षमा भ्रष्टाचार, व्यभिचार, नेपोटिजम र बेबीइजमको पिलो यसरी पाकेको थियो कि त्यो छिपाको घ्याम्पोजसरी जमेर बसेको थियो । त्यो पिलो भदौ २३ र २४ गतेको जेनजी पुस्ताले निचोरिदिए । पिलो फुट्यो । पिपहरु निस्किए । तर खिल निस्केन । निकाल्न सकिएन । पिलोरुपी भ्रष्टहरु, लोभीपापीहरु पुनः षडयन्त्र थालेका छन्, टाउका उठाएका छन् । जेनजी पुस्ताको नाममा बनेको सुशीला कार्कीको सरकारले पनि तिनै जब्बर भएर टाँसिएका जुका भ्रष्टहरुकै साथमा लागेर यही संविधान, यिनै शासक प्रशासकलाई पुनर्स्थापना गर्न अग्रसर भएको देखिदैछ ।

जेनजी पुस्ताका ७६ जना मारिए, सयौं अंगभंग भए, घाइते छन् । गोली हान्ने जिम्मेवार को हो ? एकजनामाथि पनि कारवाही भएको छैन । लोकतन्त्र भन्ने, मानवाधिकार मान्ने, बालबालिकामाथि, जेनजीपुस्तामाथि गोली हानेर हत्या गर्नेमाथि कारवाहीको सुरुआतसमेत नहुनु दुर्भाग्यजनक छ । यस्तो सरकार जेनजी पुस्ताले बनाएको सरकार कसरी भन्ने, कसरी मान्ने ?

भदौ २३ र २४ को २७ घण्टामै जेनजी पुस्तासँग डराएर अन्ततः साना ठूला नेता, नागरिक समाज, चिन्तक, थिङ्क टेंक, असन्तुष्ट बनेकाहरुले पटक पटकको आन्दोलनबाट डेग नहल्लिएको कुहिएको जाँडको घ्याम्पोजस्तो भइसकेको राजनीतिक छिपाको घ्याम्पो फुट्यो । पिलो फुट्यो, खिल निकाल्न सकिएन । यही खिलले फेरि फेरि दुःख दिने खतरा कायमै छ । देखिदैछ ।

खुशवन्त सिंह प्रसिद्ध राजनीतिज्ञ, बरिष्ठ अधिवक्ता, बरिष्ठ पत्रकार पनि थिए । उनी बिते पनि उनका कथन अहिले पनि उत्तिकै बेजोड छन्, चर्चित छन् । खुशवन्त सिंहले भनेका थिए- राजनीति, वकालत र पत्रकारिता मैले यी तीनवटै पेशा गरें, यी तिनवटै पेशा वेश्यावृत्तिभन्दा पनि खराव छन् ।

खुशवन्त सिंहले भनेका थिए छ- राजनीति घिनलाग्दो खेला हो । वकालत पनि त्यस्तै हो, पैसाको लागि सत्यलाई झूठो र झूठोलाई सत्य सावित गर्ने । त्यस्तै पत्रकारिता पनि बदनाम छ । सत्य विषयलाई घुमाई फिराई लेखेपछि बिचरा विपक्षीको त धुलोपिठो हुनुपर्नेे । कुरा लुकाएर लेखे छापेपछि । राजनीति, वकालत र पत्रकारिता सबै पैसाको खेल, न धर्मको सोच, न न्याय अन्यायको सोच, जेसुकै होस्, स्वार्थ र पैसा नै महत्वपूर्ण भन्ने सोचले यी तीनवटै पेशा वेश्यावृत्तिभन्दा घिनलाग्दो छ ।

खुशवन्त सिंहका अनुसार ९० प्रतिशत वेश्यावृत्ति विवस भएर, गरीबीका कारणले गर्छन्, १० प्रतिशत चाहिं लुटपाट धन्दा चलाउन ।

नेपालमा २०४६ सालमा बहुदल आयो, कालरात्रि बनेर सकियो । जनयुद्ध र जनआन्दोलन भयो, परिवर्तन ल्यायो, लोकतन्त्र आयो । तर लोकतान्त्रिक गणतन्त्रको १८ वर्ष भ्रष्टाचार, अपराध, अन्यायमात्र भयो । फलतः खुशवन्त सिंहको कथन झैं पत्रकारिता, राजनीति र वकालत वेश्यावृत्तिभन्दा पनि घिनलाग्दो हुँदै गयो । यही बिकृति र बिसंगति कुशासन बन्यो, भ्रष्टातन्त्र बन्यो, नेपोटिजम र नेपोबेबीइजमको पिलो बन्यो । छिपाको घ्याम्पोजस्तो भएको थियो ।

छिपा जातिले दिनहुँ प्रयोग गर्ने माटोको घ्याम्पो कहिलेकाहीं फुट्थ्यो । अब बिपत्ति आउने भो भनेर अनौठा अनौठा हल्ला चलाइन्थ्यो । पत्याउनै नसकिने कुरा सुनेपछि छिपाको घ्याम्पो फेरि फुटेछ भन्ने कहावतको इतिहास यही हो ।

जेनजी पुस्ताले २७ घण्टामा बहुदलदेखि लोकतन्त्रसम्मको बिकृति बिसंगतिले नाली बनेको बाँध फुटाइदिन्छ, पार्टीहरु दुलोभित्र भाग्छन् भनेर कसले सोचेको थियो । पत्याउनै नसक्ने परिवर्तन जेनजी पुस्ताले ल्याएकै हुन् । यो परिवर्तनलाई परिवर्तन प्रमाणित गर्ने दायित्व जेनजी पुस्ताकै काँधमा आएको छ । जेनजी पुस्ता बिभाजित पारिदैछ ।

०६३ साल वैशाख ११ गते संसद पुनर्स्थापना भयो, अब नयाँ नेपाल बन्छ भनेर सपना बाँडियो । ०६५ सालमा गणतन्त्र कार्यान्वयन गरियो, अब जनताका छोरा राष्ट्राध्यक्ष हुन पाउने भए, समृद्ध र शान्तिपूर्ण, न्यायपूर्ण र समतामूलक समाजमा बाँच्न पाइने भयो भनियो । ०७२ मा संविधान जारी भयो, ०७४ र ०७९ मा दुईपल्ट आवधिक निर्वाचन भयो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, नेपालीका लागि पीडाबाहेक केही हुनसकेन । असफल भयो यो व्यवस्था । गत भदौ २३ र २४ को जेनजी पुस्ताका बालबालिका ७६ जनाको रगत पियो यो असफल व्यवस्थाले । नेताहरुले ।

अर्थात् छिपाको घ्याम्पो फुट्दै गयो, फुट्नेक्रम जारी नै रह्यो । अझै आन्दोलन, अझै बिद्रोहको शंख फुकिदै छ । कति धनजनको चरु होम्नुपर्ने हो ?

राष्ट्रघात र भ्रष्टाचारका अनेक काण्डहरु छन् । अन्तरिम सरकारले ती काण्डबारे फाइल खोल्ने भन्छ, बालबालिकाको हत्या गर्नेलाई पक्राउ गर्न नसक्ने यो परालखुट्टे बन्दै गएको सरकार भुटानी शरणार्थीका नाममा नागरिक बेचेको, बालुवाटारको जग्गाको अनियमितता, वाइडबडीमा महालेखाले देखाएको भ्रष्टाचार, टनका टन सून काण्डदेखि ठगी र कमिशनका काण्डहरुमा कारवाही गर्ने विश्वास निम्छरो बन्दै गएको छ । सम्भाबना न्यून छ ।

सुशासन आउने छ, भ्रष्टाचारीहरू जेल पर्नेछन् भने पनि अपत्यारिला घटनाक्रम चलिरहेकै छन् । उनै भ्रष्टाचारी नेताहरुलाई बचाएर चुनावमा सहभागी बनाउने चलखेल भएको देखिन्छ । लोकतन्त्रमा विधिको शासन हुन्छ भन्ने कहावत अनपत्यारिलो बन्यो, अन्तरिम सरकारले पनि छिपाको घ्याम्पो तैयार गर्न थालेको छ । चुनावलाई सफल बनाउन भ्रष्टाचारमा कसैमाथि पनि कारवाही हुन्न भन्ने वातावरण बन्नु भनेको ७६ जेनजी पुस्ताको रगतमाथिको खेलबाड हो । बेवास्ता हो ।

राजनीतिमा विदेशी चलखेल, पुराना नेताको षडयन्त्रले भदौ २३ र २४ को नवयुवाको त्याग र राष्ट्रिय राजनीतिको स्वामित्व नेपाली हातबाट फुस्किदै र खुस्किदै जाँदो छ । इमान र वीरताले फेरि हार्ने खतरा बढेको छ ।

कांग्रेसको प्रजातन्त्र, माओवादीको सर्वहारावाद, एमालेको बहुदलीय जनवाद, राप्रपाको राष्ट्रवाद, रास्वपा, जसपा, नेकपा स र अनेक पार्टीका अनेक सिद्धान्तहरू असफल भए, नयाँ पुस्ताले आश्चर्यजनक परिवर्तन ल्याए । तर त्यो परिवर्तनले नोज डाइभ गरेको दृश्य दोहोरिन थालेको छ । देखिदैछ ।

१० वर्ष जनयुद्ध चल्यो । १७ हजार मारिए । २०६३ मा जनआन्दोलन भयो, परिवर्तन पनि आयो । परिवर्तनले राजतन्त्रलाई किनारा लगायो मात्र । न सुशासन आयो, न विधिको शासन बस्यो । भ्रष्टाचार र माफियातन्त्रले लोकतन्त्र, गणतन्त्रमा हैकम चलायो । यहीकारण नवयुवा जागेका थिए । नवयुवालाई मार्नेहरु फेरि राजनीतिमा दाइँ गर्न अग्रसर हुनथालेका छन् । २०८२ भदौ २३ र २४ को परिवर्तन घुम्दैफिर्दै रुम्जाटार हुनथालेको विश्लेषण सुरु भइसकेको छ ।

राष्ट्रपति संविधान बचाएँ भन्छन्, दुलापसेका पार्टीका नेताहरु टाउको उठाएर यही संविधानअनुसार चुनाव हुनुपर्छ, पहिले संसद अधिवेशन डाक्नु बेश हुन्छ भनेर कराउन थालेका छन् । लोकतन्त्र गणतन्त्र भन्ने हुन् कि अन्तरिम सरकार होस्, कसैले भारतद्वारा नेपालको ६६ हजार हेक्टरभूमि अतिक्रमण भएको र नेपालका लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्र अतिक्रमण गरेको कुरै उठाउँदैनन् । डराउँछन् ।

हरेक पार्टीलाई खाली सत्ता र शक्तिकोमात्र चिन्ता ? अन्तरिम सरकारले केही गर्छ भन्ने जुन आशा थियो, यिनले पनि पुरानै पार्टीको लाइनमा काम गर्न थालेको आभाष पाइनु दुःखद छ । जनता झुक्याउने, दुखित पार्ने चक्रव्यूह बन्यो पछिल्लो परिवर्तन पनि ।

हाटबजारमा मेला लाग्छ, बजार लाग्छ । जात्रे हुन्छन्, जात्रा देखिन्छ । जेनजी आन्दोलनको परिवर्तनलाई जात्रा बनाइदिए स्वतन्त्र भन्नेहरुले पनि । पुरानाले स्वार्थमात्र हेरे, नयाँले नयाँ गर्न नसक्ने स्थिति विकास हुनथाल्यो ।

नेपाल र नेपालीले सुशासनको आशा गर्दागर्दै फेरि कूशासित हुनुपर्ने भयो । कति सोझा छन् नेपाली, नेतृत्वको नवाबी परिवर्तन कहिल्यै बुझेनौं ।

नागरिकका अनेक पीडा छन् । अन्यायले पारेका घाउ छन्, न्याय नपाएको छटपटी छन् । बेपत्ता र मेलमिलाप आयोगमा दर्ता भएका ६४ हजार उजुरीको चाङ एकातिर, सत्ताले दिएको सास्ती अर्कोतिर । विश्वभरिका अधिकारकर्मीहरू दण्डहीनता अन्त गर भनिरहेका छन्, जन्मकैद पाएका व्यक्तिहरू आममाफी दिएर लोकनेता नामधारीले विश्वलाई नै जिस्क्याइरहेछन् । अदालतलाई पार्टीकरण गरेर आफैले बनाएको संविधानको समेत खिल्ली उडाइरहेका छन् । जेनजी पुस्ताको त्याग र बलिदानको सफलतासमेत हरण हुँदैछ । अर्थात् फेरि छिपाको घ्याम्पो बन्दैछ, शासन प्रशासनमा शुद्धीकरणको साटो भाइरस भरिदैछ । जनताले अर्को बिद्रोह गर्नुपर्ने बाध्यतामा नेपाली पुग्न थालेको हो कि ? भन्ने प्रश्न उठेको छ ।

भारतीय टीभी दुरदर्शनले १९८९ को मार्च महिनामा नेपाली ऋषिकेश शाहलाई 'फोकस' कार्यक्रममा बकायो- नेपालले आफ्नो सुरक्षा भारतको हातमा दिनुपर्छ, भारतीय सुरक्षा छाता ओढेर सुरक्षित बस्नुपर्छ । सामाजिक सञ्जाल र अन्तरिम सरकारको दिनचर्या, निर्णय र अभिव्यक्ति सुन्दा लाग्छ, नेपालले छिमेकी वा पश्चिमा कसको छाता ओढेर बाँच्नुपर्ने हो ? वीर पुर्खाले निर्माण गरेको कहिल्यै परतन्त्रमा नपरेको नेपालको अस्तित्व साँच्चै संकटमा परिसकेको अनुभूति हुनथालिसकेको छ ।

सन १७६५-१८६८ सम्मका अन्तिम पाटनका मल्लराजा तेज नरसिंह मल्लले ६ प्रधानलाई अघि सारेर शासन चलाएका थिए । राजा पाटन दरवारमा झुल्थे, ६ प्रधान शासनमा भुल्थे । ६ प्रधानले मन नपरेकालाई षडयन्त्र र चक्रव्युहमा फसाइ फसाइ आँखा निकालेका घटना पनि इतिहासमा बर्णित छन् । डरलाग्दा ती इतिहासका पानामा अङ्कित घटना र वर्तमान नेपाल, त्यो भोग्ने पीडितलाई थाहा छ । आमनागरिक ऐया ऐया भनेर चिच्याइरहेका छन्, सुन्ने कसले ? नेपाल नेताहरु ६ प्रधानजस्ता छन्, यी प्रधानहरुलाई परचक्रीले उठक बैठक गराइरहेका छन् । यी खेलौनाजस्ता छन् ।

मुगल सम्राट अकबरले आफ्नो दरवारमा नवरत्नमार्फत शासन गरेको इतिहास छ । अब्दुल मुवारक प्रधानमन्त्री, राजा तोडल मल अर्थ र वाणिज्य मन्त्री, अव्दुल रहिम खान रक्षा, राजा बीरबल विदेशमन्त्री, मुल्ला दो पियाजो गृह, फैजी शिक्षा, फकिर अजियो दिन धर्म, तानसेन संस्कृति, राजा मानसिंह सेनापति । अकवर र वीरवलका अनेक किस्साहरू अहिले पनि चर्चित छन् । नवरत्नको चर्चा राजनीतिमा ताजै छ । नेपाली राजनीतिमा एकजना पनि सक्कली रत्न देखिदैनन् । सबै शिशा हुन्, जो टल्किन्छन्, छिपाको घ्याम्पो फुटेझैं फुटेर गन्दकी फैलेको पत्तै पाउँदैनन् ।






# परराष्ट्रनीति बारे गम्भीर कूटनीतिक खबरदारी




नेपाल-चीन पारस्परिक सहयोग समाजले बुझाएको "नेपालको असंलग्न परराष्ट्र नीति, सार्वभौमिक हित र नेपाल-चीन मैत्री सम्बन्ध संरक्षणबारे ज्ञापनपत्र" अहिले सरकारका टेबुलमा थन्किएको छ । तर दुःखद कुरा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले आजसम्म यसको कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । यस मौनताले केवल एउटा ज्ञापन बेवास्ता गरेको होइन; नेपालले आफ्नो असंलग्नताको सिद्धान्त, छिमेकी मित्रप्रति कूटनीतिक दायित्व, र स्वतन्त्र निर्णय अधिकारमाथि प्रश्न उठाएको छ ।

अन्तर्राष्ट्रिय अभ्यासमा, जब कुनै राष्ट्र वा प्रमुख संस्था सरकारलाई नीति-सन्दर्भमा औपचारिक ज्ञापन बुझाउँछ, त्यसप्रति प्रतिक्रिया नदिनु सामान्य प्रक्रिया होइन, यो एक राजनीतिक सन्देश हो । मौनता सधैं असहमति, डर, वा निर्देशित निर्भरताको संकेत हो । नेपालजस्तो भूराजनीतिक संवेदनशील देशमा यस्तो मौनता केवल कूटनीतिक असावधानी होइन, सार्वभौमिक निर्णय क्षमतामाथिको आत्मसमर्पण हो ।

नेपालको इतिहासले देखाउँछ, जब-जब हामीले परनिर्भर निर्णयहरूलाई प्राथमिकता दियौं, तब-तब राष्ट्रले आफ्नो कूटनीतिक सन्तुलन गुमायो । १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्यता लिनुअघि नेपालले असंलग्नताको आधारभूत दृष्टिकोण घोषणा गरेको थियो "नेपालको विदेश नीति कुनै शक्ति-केंद्रप्रति झुकाव होइन, स्वतन्त्र सहअस्तित्व हो ।" त्यसै अवधारणाबाट १९६१ मा नेपालले चीनसँग ऐतिहासिक सीमा सन्धि सम्पन्न गऱ्यो, जुन दक्षिण एशियाको स्थायित्व र सन्तुलनको आधार बन्यो । आज त्यो सिद्धान्त संकटमा छ र सरकारको मौनता त्यस संकटको पुष्टि हो ।

प्रधानमन्त्री सुशीला कार्कीको सरकार गठनको प्रारम्भदेखि नै पश्चिमी प्रभाव मण्डलसँगको निकटता देखिएको छ । मन्त्रिपरिषदका प्रमुख सदस्यहरू विदेशी एनजीओ/आईएनजीओ र अमेरिकी तथा युरोपेली संस्थाहरूसँग प्रत्यक्ष सम्बन्धित छन् । नेपालको नीति-निर्माण संरचनामा विदेशी फाउन्डेशनका प्रतिनिधिहरू सल्लाहकारका रूपमा प्रवेश पाएका छन् । यसले केवल नेपालको आन्तरिक नीति होइन, बाह्य सन्तुलनलाई समेत ध्वस्त पार्दैछ । आज नेपालमा असंलग्नताको भाषा बोल्नेहरूलाई "विदेशी एजेण्ट"को आरोप लाग्छ, तर विदेशी सन्देशमा मौन बस्नेहरूलाई "प्राज्ञिक नेता" भनिन्छ, यही हाम्रो नीतिगत विडम्बना हो ।

नेपालको असंलग्न नीति केवल शब्द होइन, नेपालको अस्तित्वको नीति हो । भारत र चीनबीचको सन्तुलनमा टेकेको यो राष्ट्रको स्वाधीनता अब नीतिगत रूपमा परिक्षणको चरणमा पुगेको छ । जब सरकारले नेपाल-चीन मित्रता जस्तो विषयमा बुझाइएको औपचारिक ज्ञापनप्रति मौनता अख्तियार गर्छ, त्यो मौनता केवल कूटनीतिक बेवास्ता होइन, यो सत्ता संरचनाको वैदेशिक निर्देशपालनको प्रमाणपत्र हो ।

अन्तर्राष्ट्रिय कूटनीतिमा मौनता कहिल्यै तटस्थ हुँदैन ।

- जब १९६२ मा भारतले चीनसँग सीमा युद्ध गऱ्यो, असंलग्न राष्ट्रहरूले भारतलाई खुला समर्थन दिएनन्, तर मौन रहेनन्, प्रत्येकले संवादको आह्वान गरे, किनकि मौनता युद्धको पक्षमा गनिन्थ्यो ।

- जब भुटानले २०१७ मा डोकलाम संकटमा चीन र भारतबीच सन्तुलन राख्दै राजनैतिक वक्तव्य जारी गऱ्यो, त्यसले भुटानको सानो आकार हुँदाहुँदै पनि उसको सार्वभौमिकता मजबुत बनायो ।

तर नेपालको मौनता अहिले न सन्तुलन हो, न त विवेक । यो एक किसिमको कूटनीतिक स्वेच्छाचारीपन हो, जसले राष्ट्रको नीति होइन, प्रधानमन्त्रीको व्यक्तिगत झुकाव झल्काउँछ ।

नेपालको परराष्ट्र नीतिको मेरुदण्ड असंलग्नता हो भने, चीनसँगको मित्रता यसको मूल संरचना हो । 'एकचीन नीति' प्रति नेपालको प्रतिबद्धता केवल राजनैतिक वाक्य होइन, यो नेपालको सुरक्षा-सन्तुलनको आधार हो । चीनको भू-राजनीतिक स्थिरतामा नेपालले निभाउने भूमिका सधैं नै निर्णायक रहेको छ । चीनले नेपाललाई कहिल्यै 'क्लाइन्ट स्टेट' होइन, 'भू-सहयोगी साझेदार'को रूपमा हेऱ्यो। यही कारण, चीनले नेपालको पूर्वाधार, व्यापार र उर्जा विकासमा सहयोग पुर्यायो । तर अहिलेको सरकारको मौनता त्यस सम्बन्धप्रति बेवास्ता मात्र होइन, विश्वासघातको सन्देश हो ।

आज अमेरिकाले इन्डो प्यासिफिक रणनीति अन्तर्गत दक्षिण एशियालाई चीनविरोधी परिधिमा बाँध्ने रणनीति अघि बढाइरहेको छ । नेपालमा हालै देखिएको रुल बेस्ड अर्डर र डेमोक्र्याटिक पार्टनरसिपका नाराहरू यसको प्रत्यक्ष आयातित रूप हुन् । 'स्ट्राटेजिक कम्पिटिसन एक्ट २०२३' ले दक्षिण एशियालाई अमेरिकी प्रभावक्षेत्रको रूपमा परिभाषित गरेको छ, जसको प्रयोगस्थल अहिले नेपाल बनाइएको छ । यसै सन्दर्भमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको मौनता अन्तर्राष्ट्रिय दबाबसँगको सहमत मौनता हो, जुन असंलग्न नेपालको नीति होइन, परनिर्भर राष्ट्रको संकेत हो । कूटनीतिक दृष्टिले कुनै मित्रराष्ट्रसँग सम्बन्धित ज्ञापनलाई बेवास्ता गर्नु भनेको सो मित्रता र विश्वासलाई कमजोर पार्नु हो । चीनले नेपालको सार्वभौमिक निर्णय-अधिकारलाई सधैं सम्मान गरेको छ । जब प्रधानमन्त्री कार्कीले नेपाल-चीन मित्रता, असंलग्नता र सार्वभौमिक हितबारे दिएको ज्ञापनको जवाफ दिन अस्वीकार गरिन्, त्यस क्षण नेपालको कूटनीतिक विश्वसनीयतामाथि प्रश्न उठ्यो । अन्तर्राष्ट्रिय सम्बन्धमा 'साइलेन्स इज अल्सो स्टेटमेन्ट' र नेपाल सरकारको यो मौनता एन्टी चाइना पोष्चरको मौन स्वीकृति हो ।

यसै सन्दर्भमा सरकारको रवैया लोकतान्त्रिक उत्तरदायित्वको पनि उल्लंघन हो । संसदीय प्रणालीमा प्रधानमन्त्री जनताको प्रतिनिधि मात्र होइन, कूटनीतिक उत्तरदायी पनि हो । ज्ञापन बुझाउने संस्था कुनै राजनीतिक समूह होइन, यो चार दशकदेखि नेपालको चीन-मैत्री सम्बन्धलाई जनस्तरमा सुदृढ बनाउँदै आएको ऐतिहासिक संगठन हो । त्यसैले यसको ज्ञापनलाई बेवास्ता गर्नु राष्ट्रको आवाजलाई चुप पार्नु हो ।

मौनता कहिलेकाहीँ युद्धभन्दा खतरनाक हुन्छ । अमेरिकी राजनैतिक इतिहासमा बे अफ पिग्स संकटपछि राष्ट्रपति केनेडीले जनतासँग प्रत्यक्ष संवाद गर्दै स्वीकारेका थिए- साइलेन्स इन काइसिस इज दी डेथ अफ क्रेडिबिलिटी । आज नेपालको सरकार यही गल्ती दोहोर्याउँदैछ, मौन रहँदै ।

नेपालको भूराजनीतिक सन्तुलन आज सन्धिसङ्कटमा छ । भारतको आन्तरिक राजनीति हिन्दू राष्ट्रको पुनर्स्थापनातर्फ मोडिँदैछ, अमेरिकाले दक्षिण एशियालाई चीनविरोधी ढालको रूपमा प्रयोग गर्दैछ, र चीनले स्थिरता र पारस्परिक सहयोगलाई प्राथमिकता दिइरहेको छ । यस्तो अवस्थामा नेपालले असंलग्नताको मार्ग स्पष्ट र दृढ रूपमा पुनःघोषणा गर्नुपर्ने हो । तर सरकारको मौनता यस दिशामा ठोस घोषणा होइन, अस्पष्टता र आश्रयवादको बयान हो । यदि प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो मौनता जारी राखिन् भने यसले तीन परिणाम निम्त्याउनेछ;

पहिलो, चीनसँगको विश्वासमा संकट । दोस्रो, दक्षिण एशियामा नेपालको असंलग्न हैसियतको अन्त्य । तेस्रो, राष्ट्रिय स्वाधीन निर्णय क्षमताको ह्रास ।

नेपालको भौगोलिक वास्तविकता हामीलाई कहिल्यै तटस्थ रहन दिँदैन । हामी असंलग्न रहन सक्छौं, तर निर्लिप्त होइन । नेपाल-चीन मित्रता सभ्यता, भू-इतिहास र भविष्यको साझा समृद्धिको मेरुदण्ड हो ।

प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले अझै समय छ, राष्ट्रप्रतिको कर्तव्य स्मरण गर्न, चीनप्रतिको मित्रता स्पष्ट रूपमा पुनःघोषणा गर्न, र असंलग्नताको सिद्धान्तलाई पुनःस्थापित गर्न । सरकारको मौनता अब समाप्त हुनुपर्छ । नेपालको असंलग्नता र सार्वभौमिकता कुनै विदेशी सिफारिसले होइन, नेपाली जनताको चेतनाले निर्देशित हुनुपर्छ ।

यदि सरकारले अझै मौनता कायम राख्यो भने, यो मौनता केवल कूटनीतिक गल्ती होइन, यो इतिहासको एउटा निर्णायक पृष्ठ हुनेछ, जसमा लेखिनेछः नेपालले आफ्नो मित्रलाई धोका दियो र असंलग्नताको आत्मा मऱ्यो ।








# सावधान विदेशी मायावी खेलसँग



गणेशबहादुर ढुङ्गाना

*(७- सामयिक विश्लेषण क्रमस....)*

हाम्रो देशमा इन्धन, पेट्रोल, डिजेल आदिको पनि अत्यन्तै अभाव र प रिनिर्भरता छ, त्यसको विकल्पमा हामीलाई मेचीदेखि महाकालीसम्म विद्युतीय रेल्वे चलाउन, ठाउँठाउँमा विद्युतीय ट्रलीवस सञ्चालन गर्न, दुर्गम ठाउँमा रोपेव चलाउन कति विद्युत चाहिन्छ ? दैनिक बन्दव्यापार, व्यवशायीक यान्त्रिक सञ्चालन, शैक्षिक संस्था, चिकित्सक यन्त्र तथा अस्पताल आदि इत्यादि आवश्यकीय सेवा सुचारु गर्न, कृषि लिफ्ट तथा बोरिङ् सिंचाइ चलाउन दैनिक कति बिजुली चाहिन्छ, त्यो समेतको प्राविधिक तथ्यांक तैयार पारी त्यस आन्तरिक खपतलाई मात्र लक्ष्य गर्ने र त्यसको उच्च भारबहन शक्तिको प्रशारण लाइन निर्माणलाई उच्च प्राथमिकता दिई त्रीवर्षीय जलविद्युत तथा प्रशारण लाइन निर्माण क्रान्ति सुरु गर्नुपर्दछ । तत्काललाई दुई पक्षीय, त्रीपक्षीय बिलम्बकारी तथा बिनाशकारी लगनगाँठोमा फस्नु हुँदैन, मातृभूमिको मुहार फेर्नपट्टी लाग्नुपर्दछ ।




३) औद्योगिक तथा व्यापारिक क्रान्ति :

आद्योगिक क्रान्तिको अन्योन्याश्रित सम्बन्ध क्रान्तिकारी विद्युत उत्पादनसँग छ । व्यापारिक क्रान्ति अन्तर्राष्ट्रिय कानुन र उन्मुक्तिहरूसँग सम्बन्धित छ । अतः हामी यतिखेर विद्युतीय नाकावन्दी र स्वतन्त्र व्यापार तथा पारवहन सम्बन्धि दुबै क्षेत्रका नाकावन्दीमा परेका छौं । त्यसैले हाम्रो आन्तरिक उत्पादन र निकासी व्यापार ठप्प छ । त्यसै उसले हामीले हाम्रो औद्योगिक उत्पादन क्रान्तिलाई गतिशील बनाउन पहिले जलविद्युत क्रान्ति मै उत्रिनु पर्दछ । त्यसपछि हुने औद्योगिक उत्पादन, त्यसको तेश्रो मुलुकमा हुने निकासी तथा देशभित्र आउने अन्तर्राष्ट्रिय कम्पनीको सुव्यवस्थापन मिलाउनु पर्दछ । विश्वका जुनसुकै देशलाई विदेशी लगानीका लागि नेपाल भित्रिदा एकपथ प्रणालीबाट मात्र भित्रिन दिनुपर्छ । अर्थात कि त यस देशका नागरिकसरह पाएको सुविधाअनुरुप आउनु पर्छ, कि बहुराष्ट्रिय कम्पनीको नियमअनुसार आउनु पर्दछ । दुबै बाटो खुला कहीँ पनि हुँदेन, यहाँ पनि अनिवार्य रुपमा निषेधित हुनैपर्दछ । अन्यथा त्यस विदेशका महाजनले स्वदेशलाई कंगाल बनाएरै छाड्छन् र त्यस्तो एकमात्र देशको भिडभाड बर्चस्व हानथापको झमेलामा कुनै पनि सुकिला, सम्पन्न तेश्रा राष्ट्रहरू आउँदै आउँदैनन् । त्यसकारण नेपालले दोहोरो क्षति ब्यहोर्ने दिन अवश्यमेव आउँछ । तसर्थ अब नेपालको सत्ता सम्हाल्ने व्यक्ति सारै दूरदर्शी, निर्भिक र देशभक्त हुन अनिवार्य हुन्छ । ताकि अवस्थाको मूल्यांकन र सम्हाल्न सक्षम होस् ।

४) पर्यटन तथा हवाई विकास क्रान्ति :

नेपालको अर्थतन्त्रको अर्को ठूलो स्कोप पर्यटन विकासमा छ । पर्यटन विकासको लागि हवाई यातायात विकासको अत्यन्तै ठूलो आवश्यकता पर्दछ । नेपाल पनि विश्वको पर्यटन आकर्षणको ठूलो धनी मुलुक हो । यहाँको प्राकृतिक पर्यटन आकर्षणमा ठूलाठूला हिमश्रृङ्खला, हिमपर्वतराज सगरमाथा, आकर्षक पहाडी प्रदेशहरू, ठूलाठूला नदीनाला, तालतलैया, हिमताल आदि धेरै धेरै प्राकृतिक आकर्षक ठाउँहरू पाइन्छन् । प्राकृतिक छटा, चराचुङ्गी, फलफूल, वनस्पति, गैंडा, हात्ती, अर्ना, बाघ, भालुजस्ता दुर्लभ जन्तुहरू, धर्म तथा सांस्कृतिक पर्यटकीय महत्वका विश्वका हिन्दूहरूको आकर्षक थलो श्री पशुपति, गुजेश्वरीलगायतका तेत्तीसकोटी देवदेवी मन्दिरहरू, विश्वका बुद्धिष्टहरुको आकर्षक धर्मथलो गौतम बुद्धको जन्मस्थान लुम्बिनी र अनेकौं बुद्ध मठमन्दिर, चैत्य आदि भएका कारण धेरैतिरबाट नेपाल पर्यटकीय दृष्टिले अग्रस्थानमा छ । तर त्यसलाई चाहिने मुख्य पूर्वाधार हवाई यातायातलाई नै सुसंगठित तथा नियोजित हस्तक्षेप तथा समावेशी भ्रष्टाचारले थला पारेको छ । भारतीय हवाई जहाजमा आउने सबै पर्यटकलाई सगरमाथा, पशुपतिनाथ र लुम्बिनी भारतमै देखाएर वापस पठाइ दिने षडयन्त्र भइरहेको छ । तसर्थ अव हुने पर्यटकीय हवाई क्रान्तिमा नेपाल वायुसेवा निगमलाई सर्वप्रथम समावेशी तथा सुनियोजित भ्रष्टाचार मुक्त क्षेत्र घोषित गरिनु पर्दछ । ठूला वाइड बडी एयरवस तथा बोइङ भित्र्याउनु पर्दछ र युरोप-अमेरिका-एसियाबाट सिधै पर्यटक भित्र्याएर नेपालभित्रै सगरमाथा, हिमालयाज, नदीनाला, तालतलैया, पहाड, तराई, पशुपति, लुम्बिनी, गैंडा-बाघ आरक्षण देखाएर वापस पठाइदिनु पर्दछ जसले गर्दा विश्वमा सत्य सन्देश फैलिन्छ, झूठा प्रचार रोकिन्छ ।

५) नियमित तथा भैपरिआउने कार्य-क्रान्ति :

उपरोक्त चार क्रान्तिलाई प्राथमिकतामा राखेर राज्य सञ्चालनका सिलसिलामा भइपरिआउने आवश्यक विषयलाई पनि क्रान्तिकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

६) वाह्य विदेशी हस्तक्षेप विरुद्धको क्रान्तिकारी मोर्चा :

उपरोक्त आन्तरिक क्रान्तिकारी मोर्चालाई सफलता हासिल गरी विकासलाई मूर्तरुप दिन र विदेशी हस्तक्षेप, शोषण, दमन, अनधिकृत कब्जा र हत्या रोक्न विदेशी हस्तक्षेप विरुद्धमा आत्मरक्षात्मक धर्मयुद्ध, जेहादको घोषणा गर्नुपर्दछ । विशेष गरिकन छिमेकी राष्ट्र भारतले झण्डै ७ दशकदेखि परोक्ष-अपरोक्ष रुपमा आक्रामक युद्ध छेडेको छ । भारत अव नेपालको छिमेकी मित्रराष्ट्र होइन कि झगडिया छिमेकीराष्ट्रमा स्वयम परिणत भइसकेको छ । भारतले जतिसुकै उसको सुरक्षाको बहाना बनाए पनि, विशेष सम्बन्धको समावेशी फर्मूला निकाले पनि, शान्ति, प्रजातन्त्त र मानवअधिकारका झूठा प्रचार गरे पनि उसको अन्तिम उद्देश्य नेपालको आन्तरिक मामिलामा निरन्तर आफ्ना राजनीतिक, प्रशासनिक, कूटनीतिक तथा गुप्तचर मार्फत दैनिक हस्तक्षेपको मात्रा प्रत्यक्ष रुपमा बढाउने, नेपालमा राजनीतिक, आर्थिक, प्रशासनिक, जातीय तथा सुरक्षात्मक डामाडोल, अशान्ति, असुरक्षाको महामारी फैल्याएर राष्ट्रलाई असफल गराइदिने र अत्यधिक भारतीयलाई नेपालको नागरिकता जबरजस्ती दिलाएर सबै आदि, अनादिवासी नेपालीभन्दा बहुसंख्यक बनाइएर भरसक मतदानबाटै रक्तहीन क्रान्तिद्वारा नेपालीबाट भारतीयले सत्ता खोस्ने र शान्तिपूर्ण रुपले नेपाललाई आफ्नो कब्जामा पुऱ्याउने भारतीय खुल्लमखुल्ला पहलकदमी चलिरहेको छ । यसले गर्दा नेपालीलाई अल्पमतमा पारेर राज्यबिहीन बनाएर छाड्ने भारतीय रणनीति अब पूरा हुने अवस्थामा छ । हाम्रा नेपाली कायर तथा लोभीपापी दलीय नेताहरूले जुन अराष्ट्रिय राजनीतिक बितण्डा मच्चाइरहेका छन्, ती सबै भारतीय तथा बिलयनवादी शक्तिको मायावी खेल हो । क्रमस...

# Prime Minister Sushila Karki's Five-Point Urgency for Avoiding Nepal's Transition Trap

**- Dr. Alok K. Bohara**




Focus on building trust with more than just election promises, or risk elite recapture.

**The Challenge**

How the interim government responds to the aspirational demands of the sudden and intense Gen Z uprising will determine the shape of post-election Nepal. Any attempt to enable elite regrouping will prolong Nepal's political agony. I draw the attention of Prime Minister Karki's team to a five-point urgency, informed by post-uprising transitional successes and failures elsewhere.

**The Backdrop: Why We Keep Stumbling**

In my recent essays, I have tried to unpack the "whys"—why Nepal keeps stumbling into the same trap of collapse and disappointment. I have argued that the twin evils of the past three decades—state-capture politics and an extractive, remittance-fed wealth pump economy—have hollowed out our democratic promise. Together, they have produced a crisis of elite overproduction, where too many power-seekers chase too few positions of real accountability, feeding cycles of patronage, corruption, and instability, whereas the talents are pushed abroad. I also proposed three constitutional amendments to free Nepal's politics from the three-decade-old grip of the three-party leviathan in my recent essay.

It is this broken equilibrium that ultimately sparked the Gen Z unrest—a generational eruption against the system's moral and institutional decay. (See Nepal Unplugged – Politics & Governance: Read more in Nepal Unplugged – Politics & Governance

In this piece, I turn to the "what now"—the immediate tasks before the interim government. The road ahead demands restraint and courage: to deliver stability while resisting the old reflex—to allow the same elites to regroup, rebrand, and reclaim the spoils of a failed order.

**A Nation Caught Off Guard**

In the three-decade era of multiparty democracy, this youth-led Gen Z unrest has caught everyone in Nepal—and those watching from abroad—off guard. Many argue that lapses in judgment and complacency among the two ruling coalition leaders contributed to what unfolded on September 8th and 9th.

Conspiracies abound, and much will be written about the causes and consequences of the 72-hour event that toppled the government. What is clear is that the cumulative effects of decades of piled-up grievances, corruption scandals, and the greedy state-capture ploys of the past three decades finally came to a head. An opposition-free parliament—born of a collusive arrangement between the two largest parties after their alternating courtship of the smaller Maoist faction—ultimately broke the camel's back.

**The Interim Government's Test**

The rapid ascension of an interim government led by PM Sushila Karki and her team of independent, somewhat maverick ministers has its work cut out. Post-revolution euphoria will eventually fade, and the real work lies ahead.

What is that work? An election? Not really. Every revolution demands something quick and promising—not vague promises of the distant future, but concrete results here and now. This is especially true for a revolution led by Gen Z, a generation that wants results in real time.

To older leaders, these sentiments may seem outlandish, but ignoring them risks inviting even greater trouble than what has already unfolded.

**Learning from Other Revolutions**

Nepal is not alone in facing the turbulence of post-revolution transitions. History shows both inspiring successes and sobering failures:

South Korea – A hard-fought struggle that deepened democracy and transformed the nation into an economic powerhouse.

Chile – Reforms after its revolution strengthened human rights and democracy.

South Africa – The leadership of Nelson Mandela and a spirit of reconciliation stabilized the nation's fragile transition.

But there are darker lessons too:

Tunisia (2010) – The Jasmine Revolution began with hope and legislative reforms but slid back into authoritarian relapse by 2022.

Egypt (2011) – What started as a popular uprising against dictatorship quickly unraveled, sliding back into military rule within two years.

Bangladesh – Repeated cycles of upheaval and elite regrouping left reforms shallow and fragile.

Another notable case in the neighborhood is Sri Lanka, where, following the 2022 economic collapse and street unrest, the island nation managed to push back the Rajapaksa dynasty—at least for now. Yet without vigilance, the autocratic tentacles of its old rulers could easily find their way back.

**Nepal's Path Forward**

So what is Nepal's path forward? An election alone will not suffice. A singular fixation on the ballot box risks leaving the door open for yet another uprising—especially under the watchful eyes of today's fluid and networked youth. Nor can Nepal afford to ignore its fragile geopolitical position, caught in the crosswinds of competing powers.

This uprising has brought Nepal into a new phase of political change—one that is more agile, fluid, and effective. These young leaders are everywhere—visible and invisible—and can sprout anytime if the rot of governance reemerges.

Unlike Nepal's past revolutions—mostly driven by ideology or power-sharing greed—this one carries no such baggage, at least so far. It appears to be powered by youth energy and their hunger for change. That makes it unique, effective, and potentially transformative for Nepal's future. But it also makes it fragile, and it must be handled with care.

Nevertheless, there are some positive signals emerging from the young administration—a mix of substance and public-pleasing optics.

Take the example of Rameshwar Khanal, the highly effective former chief bureaucrat. In just three weeks, he has accomplished what past regimes squandered for decades through perks and privileges. By cutting waste and recovering mismanaged funds, Khanal has given the people a glimpse of what honest governance can achieve.

More importantly, such savings could be channeled into Nepal's youth—through start-up grants, apprenticeships, and innovation programs. This kind of low-hanging fruit, done swiftly and visibly, can demonstrate the new team's intentions and restore public trust.

**Five-Point Urgency for PM Karki's Government**

1. Deliver Swift Corruption Accountability – Visible prosecutions of corrupt politicians to signal zero tolerance.

2. Hold Leaders Accountable for September 8 – Swift, transparent inquiry into the full chain of command.

3. Address September 9 Arson and Violence – Impartial justice for organizers and perpetrators alike.

4. Provide Visible Relief to Victims' Families – Dignity, recognition, and compensation for those affected.

5. Give Youth a Stake in the Future – Launch apprenticeships, start-up grants, and youth credit schemes.

**A Time for Reflection and Patience**

Coming fresh out of the festive spirit, everyone should recognize that Nepal stands at a crossroads—perhaps, for the first time in decades, with genuine hope and promise. While vigilance remains vital, the Karki team also needs the space to reflect, consult, and act with purpose.

Focusing on her directives and tangible outcomes would be the right approach for the key players—especially the mass media, civil society, and experts—instead of engaging in endless speculation and conspiracy. At this critical juncture, what Nepal needs most is patience, clarity, and collective faith in a team that has, at last, a chance to steer the nation toward renewal.

Closing Reflection

c;tf] df ;b\ udo. td;f] df Hof]ltu{do. d[Tof]df{ cd[t+ udo..

Asato ma sad gamaya, tamaso ma jyotir gamaya, mrtyor ma amrtam gamaya.

Lead us from falsehood to truth, from darkness to light, from death to immortality. — Brhadaranyaka Upanishad

May this eternal prayer guide Nepal's journey through its fragile transition—toward truth, light, and renewal.

******

Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution as a system viewed through the lens of complexity and emergence science—critical of capture, wary of populism, and steadfast in his belief that accountability and citizen trust form the foundation of a resilient and prosperous republic.

# Dounan Flower Market mesmerizes many

**By ShaBy Shrachchandra Bhandary, (Executive Editor National News Agency (RSS) lately in Kunming**



The Dounan Flower Market, Asia's largest fresh-cut flower trading market, in the southwest Chinese city of Kunming mesmerizes every visitor with its strong fragrance. Eighteen media professionals from various Asian, African and European countries, as part of the Media Cooperation Forum on Belt and Road, organized by People's Daily in association with the People's Government, were recently on an on-site visit of this market along with the senior journalists and management officials of People's Daily.

The Dounan Flower Market, located in the Chenggong District of Kunming, Yunnan Province, is also the world's second-largest fresh-cut flower trading hub. This bustling market is a key supplier, with flowers from Dounan reaching every provincial-level region on the Chinese mainland and more than 50 countries and regions worldwide, including Japan and Thailand.

As per the Yunnan Government's statistics, with a transaction value of 11.57 billion yuan (about 1.61 billion U.S. dollars) in 2024, the market has led the country in both flower transaction volume and value for 25 consecutive years. Flower cultivation in Dounan dates back to 1983. In the 1990s, local residents began commercial cultivation and trading. In 1999, China's first professional flower trading market was established in Dounan.

Since then, the market has expanded its flower industry chain, solidifying its position as a major flower trading hub. Now, seven out of 10 fresh-cut flowers in China come from Dounan.

Dounan's blooming flower industry highlights China's prominence in the global flower market.With about 1.5 million hectares dedicated to flower cultivation and more than 5 million people involved in the industry, China has become the world's largest flower producer and an important flower trader and consumer.

Interestingly, the transportation of fresh-cut flowers from the market includes air transport, road cold-chain transport and railway transport by integrating conventional luggage trains with high-speed rail express service.

A local trader stated that the favorable climatic and geographical conditions enable Dounan Village of Kunming to become Asia's biggest flower wholesale market. Praised as "the epicenter of China's flower market", Dounan Flower Market is home to over 300 species of 4–6 million flowers or more, with a daily turnover reaching as high as 5.5 million RMB. Over 20 big companies, such as Yunnan Airlines, purchase flowers from Dounan Flower Market on a large scale, and millions of flowers are airlifted daily to over 10 domestic cities, such as Beijing and Shanghai, as well as Japan, South Korea, Singapore, and Thailand.

The Dounan market mainly provides two forms of trading: face-to-face trading and auctions. For those who are interested in knowing the flower auction process, gather there in thousands and more. The auction looks like share trading in New York or London.

More than 500 florist shops operate in the Trading Hall of the market, where you can not only see local flower species, such as roses and water lilies, but also you can appreciate exotic flowers like moth orchids, forget-me-nots, African daisies, and carnations, and they drench the air with an enchanting fragrance.



# ७ दशकमा ८ संविधानको सवाल


डा. शास्त्रदत्त पन्त

राजनीतिक घटनाक्रम...

२.नेकाँले पञ्चायत शासन पद्धति बिरुद्ध दुइदुइ पटक सशस्त्रयुद्ध गर्‍यो। राजालाई दुइदुइ पटक बम प्रहार गर्‍यो तर खुदैले प्रजातान्त्रिक अभ्यास गरेन। भारतले नेकाँलाई सघाएपछि नेपाली जनता झनझन रुष्ट भए। जन आन्दोलन थाले पछि राजा वीरेन्द्रले राजनीति व्यवस्था चयन गराउन जनमत संग्रह गराए, जनमतमा पञ्चायत पक्षले बहुमत ल्यायो। जनमतलाई सकारेका बीपी मरेपछि नेकाले फेरि बहुदलीय प्रथाको माग गर्दै गयो। २०४६ सालमा बहुदलीय पद्धतिको स्थापना भयो। सबैदलले आफै संबिधान बनाए। सबैको २००७ सालदेखिको राजा संबैधानिक भएर बस्नु पर्दछ भन्ने माग पनि राजा बीरेन्द्रले माने। अब सबै दलका सबै माग पुरा भएपछि देश शान्ति र समुन्नति तर्फ उन्मुख हुनु पर्ने थियो तर देश त्यसको उल्टो तिर गयो। झन अशान्ति र झन विनाशतिर गयो। आफैले बनाएर लागू गरेको २०४७ सालको संबिधानका बिपरित नयाँ संबिधान मागि रहे।

३. बास्तबमा नेपाली जनता २०१९ सालको संबिधानमा संतुष्ट थिए भने दलहरु २०४७को संबिधानसंग सन्तुष्ट थिए। अब त्यसपछिको परिबर्तन र संघर्ष नेपालीलाई होइन, बाहिरी दुइ तत्वलाई चाहिएको थियो। बाहिरी दुइ तत्वमद्धे एउटा हो, नेपालको शाासक उसकै निर्देशनमा चल्नु पर्ने दीगो राजनीतिक वातावरण बनाउन चाहने र अर्कोहो नेपालको वैदिक संस्कार मासेर नेपाललाई इशाईमय बनाउनचाहने तत्व। असन्तुष्ट यी दुबैले बिद्रोही जन्माए, बिद्रोहीलाई पाले पोसे र हुर्काए। तिनका असन्तुष्टका कारणको सूची बनाई दिए। ती हुन् महिला, दलित, आदिबासी, जनजाति, मदेशी दुर्गमबासी आदि। तिनको आरक्षण, प्रतिनिधित्व र लुटिखाने संद्धात्मक पद्धति। यी सबैको गुह्य कुरा थियो नेपाली आपसमा लडिरहने बनाउनु। फुटाऊ र शासन गर पद्धति लागू गराउनु। धर्म निरपेक्षता, जातीय र भाषिक राज्य। त्यसकोलागि संघात्मक राज्य व्यवस्था, बाहुनबाद हिमाल, पहाड, तराई को आधारमा बिभाजन।

४.जातजाति समुहलाई गणतन्त्र, अन्तरिम संबिधनाको निर्माण, त्यसमा अनिर्वाचित संसदका सीट माओबादीलाई आरक्षण, गिरिजाप्रसादलाई संबिधानभन्दा माथि रहेर हुकुम चलाउने प्रजातन्त्र र साम्यबादीलाई देश अंशबण्डा गर्ने अधिकार। तिनीहरुले बिगत दश बर्षदेखि मनपरि गर्ने अधिकार कहाँबाट कुन संबिधान अन्तरगत प्राप्त भयो कसैलाई थाहा छैन। बिदेशी मालिकको खेल भन्ने थाह पाएपछि कुनै दलमा पनि यो प्रश्न सोध्ने साहस देखिएन।

५. साना जातजातीको (मार्जिनलाइज सब ग्रुप) कुरा गर्दा नेपालमा एक हजार भन्दा बढीछन्। ती सबै निर्वाचित भएर आउन सक्ने संभवै छैन। तिनको प्रतिनिधित्व कसरी हुन्छ ? दूरदृष्टि नभएका नेताको गहिरिएर सोच्ने खुबी नै छैन, क्षमतै छैन। यो समस्या कसरी समाधान गर्ने हो ? स्वतन्त्र र निस्पक्ष चुनाव नभैकन यो समाधान हुनै सक्तैन। यो समस्याले जन्माउने समस्यालाई एक क्षण बिर्सिदिउँ। के यसले प्रजातन्त्रको रक्षा गर्न सक्छ ? यसले त प्रजातन्त्रको आत्मा नै मार्दछ। तामाङ गाउँले बाहुन चुन्न वा त्यस्को उल्टो गर्न चाहे भने दिनु पर्छ। यो उनीहरको अधिकार हो। जातको छाप लगाएर कस्ले बाध्य बनाउने ? किन बाध्य गराउने ? यसको बास्तविक सार वडास्तरमा पुगेपछि मात्र आउँछ जुन तिनीहरूले दुइ दशकदेखि जुत्तामुनि कुल्चेर राखेका छन्। संबिधानलाई दलको शिर्ष नेताले उखुजस्तो निचोर्न पाउने गरी बनाएर अथवा अधिनायकबादी शासन लादेर पनि यो समाधान हुन सक्तैन। अहिले जे काम भएका छन्, सबैले समस्या चर्काउने बाहेक समाधान गर्न सक्तैनन्।

६. बास्तबमा यस्तो लामो रडाको मच्चाउने, आम जनतालाई दिग्भ्रमित गराउने, सधै अस्थिर, सधै सामाजिक तनाव र भय भइरहेने वातावरण किन जन्माएको छ ? संबिधान अनौठो वस्तु ?

७.नेपालमा पद्‌मशमशेरले २००४सालमा देशको पहिलो संबिधान बनाएका थिए। त्यसलाई संबैधानिक कानून भनिएको थियो। राणाकै बिरोधका कारण त्यो राम्ररी लागु हुन सकेन। राणा हटेपछि २००८ सालमा पहिलो अन्तरिम संबिधान बनेको थियो। तदनुसार बेलायती बिशेषज्ञ बोलाएर २०१५ सालमा नेपाल अधिराज्यको संबिधान बनाइयो। यो नेपालको पहिलो पूर्ण संबिधान थियो। यो संबिधानलाई तत्कालीन सबै दलले स्विकार गरेर २०१५ सालमै पहिलो आम चुनाब समेत भएको थियो। संबिधान अनुसार राजा महेन्द्रले संकटकाल घोषणा गरेपछि देशको जन बिचार अनुसार भनेर उनले २०१९ सालमा अर्को संबिधान बनाएर २०१५कोलाई खारेज गरेका थिए। २०१९ सालको संबिधान बिरुद्ध नेकाँ र फुटकर साम्यबादीले सशस्त्र पटकपटक सशस्त्र युद्ध गरे। जनबल दलबिहिन पक्षमा भएकाले ती कुनै युद्धले पञ्चायती प्रजातन्त्रलाई प्रभाव पारेन। फलत: दलहरुले मेलमिलापको प्रस्ताव लिएर पञ्चायती पद्धतिमा प्रवेश गरे। बिपीले राजसंस्था देशको अनिवार्य आवस्यकता हो तइसलाई जोगाउने काम जनताको हुन्छ भनेर 'राजाको गर्धन तल मेरो गर्धन माथि' सूत्र प्रस्तुत गरेपछि राजाले राजनीति पद्धतिको चयनकालागि जनमतसंग्रह गराएर 'प्रजातन्त्रको संरक्षण गर्ने' प्रतिउत्तरात्मक प्रतिबद्धता जनाए। जनमतसंग्रहमा पराजित बहुदलीय पद्धतिलाई 'अल्पमतको सम्मान' गर्ने अबधारणा बमोजिम संबिधानको तेश्रो संसोधन गरियो। बीपी र पुष्पलालको मृत्युपछिका ती दलका नेताले एउटा नयाँ प्रस्ताब थपे। त्यो प्रस्ताव थियो राजा संबैधानिक भएर बस्ने। बास्तबमा नेपाल राणाशासनबाट उन्मुक्ती पाएपछिको केही ब्यक्तिको माग थियो। यसलाइ पनि राजाले मंजुर गरेर २०४७ सालको सबै पक्षले पूर्ण सहमत गरेको संबिधान बन्यो। त्यो संबिधानलाई बिश्वकै उत्कृष्ट भनियो। तर यसैबीच दर्बार हत्याकाण्ड भयो। देशकको अत्यन्त कमजोड भएको अवस्था छोपेर बाहिरी २ तत्व, सौथडेक्क र मिशनरीले हिलोपानीमा माछा मार्न भ्याए। भूमिगत आततायी र भारत परस्त प्रजातान्त्रिक शक्ति भनिने कुनै बेलाका अराष्ट्रितत्व लाई मिलाएर १२ बुदे दिल्ली सम्झाैता गराइइो। त्यसै माफत नेपाललाई गणतन्त्र घोषण गराइयो। यो बनाउने कामका पात्र नेपाली भएपनि नाटक लेखन र मञ्चन दुबै काम तको उक्त दुइशक्किो थियो। यथार्थमा यो नेपाली जनताको, नेपाल दलको बिद्रोह थिएन। केबले बिदेशीको निहित स्वार्थ थियो। त्यही कारण नेपालमा संबिधान बन्न नसकेको हो। बन्न नसक्नुमा देशको अविभाक नहुनु एउटा कारण हो भने, दुइ बिदेशीको स्वार्थ पनि फरकफरक हुन, आदिबासी भनेर उक्साएको छ भने अर्कोले तराईबासीका ससाना झुण्डलाई उक्साएको छ। एउटाको ाकंक्षा वैदिक संस्कार मास्ने छ भने अर्काको आकंक्षा नेपाललाई संरक्षित राज्य बनाउने छ।

८. संबिधान अरु केही पनि होइन, एउटा कानूनको माऊ कानून मात्र हो। यो आवस्यक परेका बेला जहिले पनि संसोधन गर्न सकिन्छ। अनाहकमा ६ दशकमा ८ बटा संबिधान फेर्दा पनि कहि कसैको चित्त बुझ्दैन भने बनाउन लागिएको संबिधानमा पनि सबैको चित्त बुझ्छ भन्नु गलत हो। यतिखेर संबिधानको जे हौवा मच्चाइएको छ मानौ त्यो बृहस्पति ग्रहबाट ल्याइने, पृथ्वीलाई २४सैघंटा सूर्यास्त नहुने बुटी हो। यसरी हेर्ने हो भने त नेपालका सबै दल र नेपाली मात्रको लिखित रायसमेत लिएर बनाइएको, त्यसबेला कुनै बिबादै नभएको संबिधान २०४७ सालको हो। नेपालीले २००७ सालदेखि राजा संबैधानिक भएर बस्नु पर्दछ भन्ने एकमात्र बाँकी रहेको माग पनि त्यस संबिधानले पुरा गरिदिएको छ। २०३७ सालको प्रत्यक्ष जनमतबाट भएको संबिधान पूर्ण प्रजातान्त्रिक अभ्यासको उत्पादन हो। त्यस अर्थमा यो सबैभन्दा उत्तम हो। त्यसलाई अर्को जनमत संग्रह बाहेक अरुले हटाउन सक्तैन, हटाए त्यो तानासही ठहरिन्छ। आज बनाउन लागिएको संबिधान जनताले होइन, जनताका प्रतिनिधिले पनि होइन, बास्तबमा चार दलका चार जना नेताले बनाउन लागेको संबिधान हो , किनकि दलले सांसद मनोनत गरेकाछन् र तिनलाइ पनि ह्विप जारि गरिएको छ।

बिबाद रहित २०३७ र २०४७ को संबिधान त आज फेरिदै छ भने ठूलो हंगमा र बिबादको थुप्रोमा बनाइएको यो संबिधान फेरिदैन भन्ने के आधार छ ? सुरु मे जलाइँदैन भन्ने के ाधार छ ? नेपाललाई फलाफाल हुने बिजुली र पानी उत्पादन गर्न पुग्ने प्रत्यक्ष अप्रत्यक्ष गरे र २०० अर्ब खर्च गरेर बनाउन लागिएको संबिधानको अर्थ छैन। पचासलाख नेपालीलाई रोजगार दिन सकिने उत्पादन मुलक बिगतका २५ बर्षको लामो समय खेर गैसकेका छन्। अब खेर नफलौ। अलमल्लको रन्थमोलो नगरौ।

एकताको भाव थिएन

सानो मुलुक होस वा ठूलो राज्यको शासन व्यवस्था गर्नेले लामो भविष्य हेर्ने क्षमता राख्नु पर्दछ। श्री रामका वंशज मानिने भारतबर्षीय शाह राजाहरुले सानासाना राज्य रजौटाका राजा भएर शासन गरेका थिए। नेपाल भित्र पनि कैयौं राज्यहरुमा शाह राजाले नै शासन गरेका थिए। त्यो समय भनेका उग्र उपनिवेसिक अभियान चलेको बेला थियो। भारतबर्ष भित्रका कैयौं राज्यमाथि बेलायती कंपनि सरकारले धमाधम उपनिबेस बनाई राखेको थियो। वैदिक सनातन धर्म, संस्कृत भाषा र पौरस्थ्य सभ्यता मास्दै थियो। ती नेपाल सम्म आउने छन् भनेर जान्दा जान्दै नेपालका राजाले सबैमिलेर अग्रेजलाई थेग्न सक्ने शक्ति बनाउनुको साटो आफुआफुमा लड्दै बस्दै गर्नँले राजकुल भए पनि राजधर्म जानेबुझेकाका राजा थिएनन्। त्यो बिचार सारा राज्य रजौटाका राजामद्धे केबल पृथ्वीनारायण शाहलाई मात्र रह्यो। उनले स्वतन्त्र अस्तित्व बनाई राख्ने वातावरण बनाइदिएकोले आजसम्म नेपाल साबुत छ।

शाह वंशजले बि.सं.१४५७ देखि ढोर, तनहुँ, नुवाकोट, स्यांङजा, कास्की, लमजुङ, गोर्खा गरी आठवटा अलगअलग राज्यका राजाले शासन गरेका थिए। गोरखामा दश पुस्ता र एकिकरण पछिको नेपालमा ११ पुस्तासम्म त्यही शाहबंशले शासन गरेको थियो। त्यसपूर्व अन्य राज्यमा पनि बि.स. १४५७ देखि त्यही बैशले शासन गरेको इतिहास पाइन्छ। यसरी यस बंशले नेपाल भूभागभित्र (१४५७ देखि) ६१३ बर्ष शासन गरेको पाइन्छ। यस कालमा शाह वंशका १९२ जनाले नेपालमा शासन गरेका छन्। यो बंशलाई श्रीरामको कूलको मानिन्छ। श्रीराम पूर्वका र श्रीराम पछिका यस कुलका राजाल त्रेता युगदेखि निरन्तर भारतबर्षमा शासन गरेको पाइन्छ।

# हाम्रो धार्मिक समाज र मेला पर्व


सुरेशकुमार पाण्डे

दशै तिहारको सेरोफेरोमा नेपाली समाजको दृश्य अवलोकन गर्दा प्रष्टै हुन्छ हामी कति धेरै धार्मिक छौं। अहिले त नेपालमा आउनै पर्दैन विश्वलाई फेशबुक हेरे पुग्छ। बोकाहरू, राङ्गाहरू काटेर प्रदर्शनमात्र गराइदैन कसरी उनिहरूको हत्या गरिन्छ भनेरपनि मुहार पुस्तिकामा लाइभ राखेका भिडियो र फोटाहरू प्रसस्तै भेटाउन सकिन्छ।

कति नराम्रो क्रु प्रकारले पशुहरूको हत्या गरिन्छ त्यो देखाएर संसारमा आफूलाई बहादुर भएको गौरव गर्छन् ।देवाली गर्दा बली चड्छ, दशैं तिहारमा घर घरमै मासु पाक्छ। मासु त अन्य देशका व्यक्तिहरूले पनि खान्छन्, होटेलहरूमा पाक्छ, दोकनमा काटेर बिक्री गर्छन्, त्यो उनिहरूको व्यापार हो। हाम्रो गाउँ घरको समाजमा प्रायजसो तड्पाई तड्पाई काटेको पनि सार्वजनिक रूपमा राखिन्छ। हामी कति धेरै इमानदार छौं ! जति बखान गरेपनि थोरै हुने छ ।हाम्रो समाजको इमान्दारिताको लागि मिसाल छ। देश टुक्रियोस्, नागरिकहरूको आँगनमा लाश हौस तर मासु काटेर सञ्जालमा अपलोड गर्न छाडिदैन।

हामिलाई थाह छ हाम्रो सन्तान एक प्रकारको सिकारी हो। हामीले गर्भै दिखि मासु माछा खाँदै आयौं। यसरी संसारमै प्रचार किन गर्ने ? बरू विस्तारै मानव समाज सचेत हुनुपर्ने हो। संसारका कयौं देशहरूमा मासु ,माछा खान्छन्, उनिहरू शब्य भएर आफूलाई इच्छा भएको चिज खाएका हुन्छन्। कसले के खायो त्यसबारेमा छिमेकीलाई पनि जानकारी हुदैन। त्यो पनि एकप्रकारको अनुसाशन हो। हामीले त संसारमा प्रचार गरेका हुन्छौं। एकातिर धर्म गर्ने बहानामा देशबिदेशका तीर्थ डुल्छौं, देशभित्रका मठ मन्दिर कुनैपनि छाड्दैनौं। आर्कोतिर यस्तो अबस्था छ पशुहरूको बली उनिहरूको हत्या त्यो पनि अत्यन्तै क्रुर प्रकारले हत्या गरेर फेशबुकमा राखेका हुन्छौं। एकातिर समाजले शान्तिप्रिय समाजको वकालत गर्छ आर्कोतिर हिँशक बनेर दुनियाँलाई देखाइन्छ। एक पटक पनि हामिले आफ्नो स्वाभिमानको बारमा सोंच्दैनौं। हामी नेपालीहरू त्यो देशको नागरिक हौं जहाँ वौद्ध जस्ता महान दार्शनिक जन्मिएका थिए। जो शान्तिका दुत बनेर संसारमा आजपनि उनको बिचार फैलाउँदैछन्। उनले आफ्नो देशलाई चिनाई रहेका हुन्छन्। हाम्रो धर्म संस्कार भनेको आखिर के हो ? यस्को परिभाषा कस्तो हुनुपर्ने हो ?

देशभित्र आपसमा एउटै सन्तानका बिचमा काटाकाट हुन्छ। सत्तामा बसेकाहरूले गलत बाटोमा देशलाई लतार्न खोज्दा देशको अश्मिता नै विदेशीका हातमा पुग्छ। सार्वभौम डगमगाउँ छ। जनताहरूलाई पशुतुल्य सम्झिने दुस्साहस गर्छन् नेताले ।भ्रष्टाचार गरेर, विदेशीहरूको दलाली गरी साहुकार बन्ने होड नै छ देशमा। उनैले धर्मको अभिनय गरेका हुन्छन्। शान्ति र सु व्यवस्थाको दुहाई दिन्छन्, अशान्ति र हिँशाको रङ्गमञ्मा घुलेर आफ्नो सक्कली अनुहार लुकाउने प्रयत्न गरिन्छ।

आजको हाम्रो समाजमा पढेलेखेका थुप्रै छन् बरू अब अनपढ चामलमा बियाँ जस्तै हुनसक्छन्। तरपनि समाज झन पछि झन् गलत र नराम्रो बाटातिर लम्किँदै छ ।युवाहरूले के पढ्ने भनेर त्यसको चयन गर्न सकिरहेका छैनन् ।समाजलाई गलत दिश तर्फ डोराउन प्रशिक्षण दिंदै आएका हुन्छन्। त गुमराह गरिंदै छ। कुसंस्कार कारणले।

हामीले भन्छौं जाँड रक्सी जस्ता नसालु मादक पदार्थ प्रयोग गर्नु गलत हो। आज हजारौं युवाहरू नसामुक्ती केन्दरमा सुधार केन्द्रको शोभा बढाई रहेकाछन। त्यसको जिम्मेवार को हो ? आजपनि दशैं लगायतका पर्वहरूमा मदिरा चढाउने ,घर माइतीहरूलाई कोसेली उपहार दिने चलन छ। पढाईको कमि भएर होइन। एम ए, बिए गरेका छन् तर उनिहरूले परमपरा र धर्मको नाममा मदिरा र मासु प्रसादको रूपमा ग्रहण गरिरहेकाछन्। बिस्तारै उनीहरूको त्यो परमपराले आफ्नो आघोसमा लिन्छ र उनिहरू नसाका आदि बन्छन्। यही समाजले उनिहरूलाई जँड्याको उपाधी पनि दिन्छ। अबिभावकले नै आ-आफ्ना छोरा नातीहरूलाई अंशमा दिएको यो कुसंस्कार हो।

अनि विवेक बिनाको त्यो डिग्रिको के फाइदा ? पढाई त केवल रोजगारको लागिमात्र गरिने रहिछ। समाजमा रहेका बिभेद कुरितीहरू र फोहोर भित्र रोमलिएर जीवन यापन गर्ने नै हो भने त्यो विवेक हिन मानवको के फाइदा ? मानवता बिनाको मानिस जसले सही र गलत छुट्टाउनै सक्दैन, जीवजन्तु पशुपंक्षीको मर्म बुझ्न सक्दैन र जङ्गली जीवनमा रमाउँछ भने ज्ञान आर्जन गरेको के काम ?


सही के हो र गलत के हो त्यसको बारेमा चिन्तन् हुनैपर्छ यदि हामी मानव हौं भने ।धर्मको परिभाषालाई बुझ्नैपर्छ।

अहिले जसले पुजा पाठ गर्छन् लक्षबत्ती बाल्छौं र देश बिदेशका मठ मन्दीरहरूमा गएर संगमरमरका मूर्तीहरूको दर्शन गर्छौं एक पटक आफ्नै छातीमा हात राखेर निदार खुम्चाएर सोंचौ त हाम्रो मन कत्तीको सफा छ, कत्तीको फोहोर मुक्त छौं हामी ? परमपराको नाउमा हामिले अप्नाउँदै आएको संस्कार कती ठिक छ कती बेठिक छ ? यसबारे पनि थोरै आफैसँग छलफल गर्नुपर्छ की ? मेरो बिचारमा हामीले ढिलो चाँडो आत्मा मन्थन् नगरी सुख्ख छैन। नराम्रो फोहोरलाई पखाल्न सक्नुपर्छ।

हिंजोको दिनहरूमा र आजको दिनहरूमा सामाजिक र राजनैतिक हिसाबले पनि धेरै फरक छ। पहिलेका साशकहरूले आफ्नै हितका कुरा गर्दथे तर आज सर्वहितका कुराहरू हुनेगर्छन् ।दशैंको पर्वमा जुवा तास, पासा, कौडा आदी खेल्न सिकाउँथे तर आज हामिले त्यसो नगरौं भनेर शीक्षा दिन्छौं। त्यो वेला जुवा खेल्ने र ऐयासी गर्नेहरूको शान हुन्थ्यो आज त्यो गैरकानुनी मानिन्छ। हामीले हिजो " क क क ड " काँचोपातको खेती गरेका थियौं। खेती गरिने चलन थियो तर आज क्रमसै त्यो चलन हड्दै गयो। आज सार्वजनिक ठाउँमा सुर्तिजन्य बस्तु बर्जित छ।

त्यसकारण हिंजोका अनावश्याक चिजहरूलाई हामिले छाड्दै गएकाछौं ।त्यो एउटा सकारत्मक पक्ष हो। परमपरा भनेकै पनि ठिक बेठिक हुन्छन् र त्यसबारेमा मानव समाजले आफ्नो विवेकले छुट्टाउन सक्नुपर्छ।

त्यसैले पनि यो समाजमा रहेका पशु बली र मदिराको प्रसादको परमपरामा पनि केही सुधार गर्नका लागि आत्मामन्थन् गर्नुपर्छ। हामी एक्काईसौं शताब्दीका विज्ञ मानवहरू हौं ।जसले यो सारासंसारलाई बदलन सक्षम छ भन्नेबारे आफ्नो पौरख र कलाले प्रष्ट पारेको छ। ज्ञान विज्ञान र टेक्नोलोजीको दुनियामा। आज संसारको एउटा हाम्रो समाज हो जहाँ अहिलेपनि परमपराको नाममा अनैतिक कृयाकलाप हुदै आएका हुन्छन्। छुवाछुत,झारफूक र पशु पंक्षीको बली मङ्श मदिरा समेत हाम्रो समाजमा प्रसाद बनेका हुन्छन्। अब यसबारेमा हामी मानव समुदायले कसरी बुझ्ने त्यसलाई पनि अब आफैले छुट्टाउने प्रयास गरौं।



पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८२ असोज २१, Oct. 7 2025





अन्तिम पातो – शाश्वत शर्मा

## अब फेरि अर्को आन्दोलन !

आन्दोलन, फेरि आन्दोलन । आन्दोलनका एकपछि अर्को धम्की आइरहेका छन् । भदौ २३ र २४ को नरसंहारपछि थिलथिलो बनेका नेपाल र नेपालीहरु आइरहेका यी धम्कीबाट त्रसित छन् । अझै मुलुकले कति धनजनको क्षति व्यहोर्नुपर्ने हो ? कहिले स्थिरता र शान्ति आउला ? आमनागरिकको चिन्ताको विषय यही हो । आगामी भदौ २३ मा फेरि आन्दोलन हुन्छ भन्छन् एकथरि जेनजीहरु, अर्काथरि सत्ताको भाषा बोलिरहेका छन् । यता अभियन्ता दुर्गा प्रसाईले तिहारपछि आन्दोलन गर्ने बताइसकेका छन् । राप्रपाले पनि आन्दोलन गर्छौं भनेर धमास दिएको गत जेठतिरै हो । गत भदौ २३ र २४ मा पिटाइखाएका, घरसम्पत्ति जलाइएका दल, नेता तथा तिनका भातृ संगठनहरु बदला स्वरुप आन्दोलनका नाममा हिंसा गर्ने फुइँकी सुनिएकै छ । अर्थात् एकपछि अर्को आन्दोलन ! स्थिरता कि झन ठूलो खाडलमा जाकिने हौं ? नेपालमा जे जति आन्दोलन भए सबै अधुरो र अपुरो नै भए । हरेक आन्दोलनमा विदेशी घूसपैठ भएका कारण नेपाल र नेपालीले स्थिरताभन्दा बर्बाद हुनेमात्र काम भयो ।

जेनजीको आन्दोलन, त्यसपछिको बिद्रोहको लक्ष्य ओली नेतृत्वको सरकारको बिस्थापनमात्र थियो त ? कि फागुन २१ को चुनाव तोक्नुमात्र लक्ष्य थियो ? भ्रष्टाचारको उन्मुलन, प्रत्यक्ष कार्यकारीको चुनाव एकथरि जेनजीको माग थियो भने अर्काथरिले राजासहितको संविधान भनेका थिए । सबैथरिको माग संवोधन गर्न संवाद, सहमति र सहकार्य जरुरी छ । तव निकास निस्केला ? जेनजीको माग आमनेपालीको माग थियो । त्यसलाई हाइज्याक गरेर संविधान बचाइयो भन्ने आत्मरती भगौडा संविधानवादीको छ भने विदेशी चिनियाँ काखमा बस्नेहरुलाई पन्छाइयो भनेर खुशी हुने पनि छन् । आइएनजीओहरु बढी खुशी हुनु पनि अर्थपूर्ण छ ।

प्रश्न छ, जेनजीका माग पूरा हुनेकुरै छैन । त्यसपछि मुलुक कसरी कायापलट हुन्छ त ? यसकारण सबै पक्षलाई समेटेर अर्को संविधान लेख्नुको बिकल्प छैन । चीरकाल पर्यन्त शान्ति, स्थिरता, विकासको चाहना गर्ने हो भने नयाँ संविधान निर्बिकल्प आवश्यकता हो । ढाल्ने, ढल्ने, मिल्ने मिलाउने अनि काले काले मिलेर खाउँ भाले गर्ने हो भने भोलि यिनै जेनजीबाट सरकारको नेतृत्वमा गर्न पुगेकाहरुले नै रामधुलाई भेट्ने खतरा सन्निकट देखिदै गएको छ । यसकारण तरल राजनीतिले कस्तो आकार लिन्छ, भन्न सकिन्न । धेरै चुरीफुरी नगर्दा बेश हुनेछ ।

०६३ पछि माओवादी सर्वशक्तिशाली भएकै हो, आज त्यो माओवादी कता छ ? कस्तो हालतमा छ ? त्यसकारण समय बलवान छ, समय सधैं आफ्नो पक्षमा हुँदैन भनेर जेनजी पुस्ताले पनि बुझ्दा राम्रो । बुद्धि पुऱ्याएर आमनेपाली, आमजेनजीहरुको चाहना के हो ? यसमा टेकेर उभिनसके पहाड बन्न सक्ने मौका छ । बिस्तारै यो अन्तरिम सरकारले उही कांग्रेस, एमाले, माओवादीको रणनीतिमा चल्न थालेको आभाष सबैले पाउन थालिसकेका छन् । एकथरि जेनजीले भदौ २३, २४ मा नयाँ संविधानको कुरा उठाएपछि राष्ट्रपति निवासमा पार्टीहरुले नै राजालाई स्पेश दिने प्रस्ताव उठाए, प्रस्ताव निर्मल निवास पनि पठाए । सबैले सहमति पत्रमा सही गरेको लिखित खोजेर नपाएपछि राजाले इन्कार गरेको कुरा पनि सार्वजनिक भएकै हो । त्यसपछि राजनीतिले यू टर्न लियो, सुशीला प्रधानमन्त्री बनिन्, सुदन गुरुङ जेनजीका अगुवा बने । कता पुग्यो, ७६ जना नवयुवाको ज्यानको त्याग, बलिदान ?

स्थिति जिसका लाठी उसका भैंसतिर उन्मुख छ । शान्ति, स्थिरता, सुशासन, समानता, समृद्धि जुन जेनजी पुस्ताको माग थियो, सेलाउँदै गएको छ । यही संविधान अन्तर्गत फागुन २१ मा चुनाव भयो र संसद पुनर्स्थापना भयो भने ठूला दल र जेनजी दुबैलाई मान्य होला ? त्यसपछि अर्को आन्दोलनका लागि भ्रष्टाचारीलाई तह लगाउन आमनागरिकले नै सडकमा उत्रनु पर्ने हो ? ७६ जना नवयुवा मारिए, एकजनालाई पनि सुशीला सरकारले पक्राउ गर्न सकेन । कसैलाई पनि जिम्मेवार बनाउन सकेन । छानबिनको नाटक गरिएको छ, छानबिन गर्ने गौरीबहादुर कार्कीमाथि नै मिडिया ट्रायल सुरु भइसक्यो । पश्चिमाको गोटी भनेर बालेन साहमाथि आक्रामण जारी छ । शुद्ध जेनजीहरुले राजनीतिक षडयन्त्र, विषयान्तर र पुनः भ्रष्टाचारी, राष्ट्रघातीहरु नै अगाडि आउने वातावरण बन्दै गएको षडयन्त्र बुझ्ने कहिले ? जेनजी पुस्ता, आम नेपाली निराश हुनथालिसकेका छन्, देशलाई पुनः परास्त हुननपरोस्, भ्रष्टहरुमाथि कारवाही होस्, सचेत हुनु जरुरी छ ।


### मानसिक स्वाथ्यप्रति सचेत बनौं

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निन्द्रा नपर्नु,

मानसिक रोगका लक्षण हुन्,

*मानसिक समस्या निदानको लागिः*

- नियमित ब्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

*आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# अनेक समस्यामा जेलिदै जेलिँदै जाँदो छ नेपाल

## दलित पिछडावर्गको आन्दोलन छायाँमा




दलित पिछडाबर्गले आआफ्ना क्षेत्रमा आन्दोलन गरे, कसैले देखेन । राज्यले देख्ला कि, सत्ताले सवोधन गर्ला कि भनेर राजधानीमा आन्दोलन गरे, तिनको आन्दोलन शान्तिपूर्ण थियो, सुनवाई भएन । दलित पिछडा बर्ग अन्यायमा परेको र न्यायको गुहार निरन्तर लगाइरहेका छन् । गोली चलाउनुपर्ने स्थिति नभएसम्म कानो, बहिरो, लाटो सरकार यिनको शान्तिपूर्ण आन्दोलनलाई बेवास्ता गर्दै आएको छ । यति हुँदा पनि दलित पिछडाबर्ग थाकेका छैनन्, उनीहरुको शान्तिपूर्ण आन्दोलन जारी छ ।

## ब्रम्हनालबाट बौरिदै, फेरि उठ्ने तरखर गर्दैछन्




हिजोको सत्ताधारी एमाले काग्रेस र प्रतिपक्षी माओवादी जेनजी पुस्तासँग डराएर लुकेका थिए । बिस्तारै यी हरुवाहरु जितेका जेनजी पुस्तालाई लल्कार्न थालेका छन् ।

## दक्षिण कोरियाको ३ चरणको योजना






दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले उत्तर कोरियाका लागि तीन चरणको आणविक निःशस्त्रीकरण योजनाको घोषणा गरेका छन् । जुन विश्वभरि नै चर्चाको विषय बनेको छ । यसबारेमा उत्तर कोरियाले केही बोलेको छैन । दक्षिण कोरियाका राष्ट्रपतिको यो वाचालाई उत्तर कोरियाले संशयको दृष्टि लगाएको छ ।

राष्ट्रपति ली जे म्युङले दक्षिण कोरियाको अमेरिकासँगको घनिष्ठ गठबन्धनका आधारमा संवादमार्फत नै उत्तर कोरियासँग मिले काम गर्ने बताएका छन् । राष्ट्रपति ली जे म्युङ उत्तर कोरियाप्रति नरम नीति अख्तियार गर्ने व्यक्तित्व हुन् ।

जापानका प्रधानमन्त्री शिगेरु इशिबासँगको शिखर वार्ताका लागि टोकियो भ्रमण गर्नुअघि राष्ट्रपति म्युनले पत्रकारसँग दोस्रो र तेस्रो चरणहरूले आणविक कार्यक्रमलाई पूर्ण रूपमा घटाउने वा ध्वस्त पार्ने लक्ष्य राखिएको बताएका हुन् । राष्ट्रपति म्युनले अमेरिकासँग घनिष्ट सम्बन्ध राख्दै अन्तर-कोरियाली संवाद पुनः सुरु गर्ने वातावरण बनाउन आफू लागिपरेको खुलासा पनि गरेका छन् ।

स्मरणीय छ, केही दिन अघि मात्र उत्तर कोरियाका शीर्ष नेता किम जोङ उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्ता गर्न सकिने बताएका थिए । यसअघि अमेरिकी राष्ट्रपतिले उत्तर कोरियाका नेता उनको प्रशंसा गरेका थिए, असल व्यक्ति बताएका थिए र उनी वार्ताका लागि कुरिरहेको भनेका थिए ।


दक्षिण कोरिया र उत्तर कोरियावीच शान्ति स्थापना, संवाद र सहकार्य भयो भने विश्व शान्तिका लागि ठूलो योगदान पुग्ने निश्चित छ ।

## भारतीय भन्छन्- उत्तर प्रदेश नै नेपालको




एकातिर भारत सरकार नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतको नक्सामा मिसाएर आफ्नो दावी गरिरहेको छ भने नेपालसँग सीमा जोडिएको उत्तरप्रदेशका बिधायक प्रेमसागर पटेल भन्छन्- उत्तर प्रदेश नै ग्रेटर नेपालको भूभाग हो । नेपाली भूभाग भारतले थिचोमिचो गरेर हड्पेको हो । यति हुँदा पनि भारत सरकार सन्दैन ।

## भविष्यको भद्रो आफै अन्यौलमा



डा.जगमान गुरुङ तान्त्रिक पनि हुन् । भविष्यवक्ता पनि । लामो समयदेखि राजतन्त्र र हिन्दुराष्ट्रका लागि आन्दोलन गर्दै आएका थिए र कहिले चैतमा, कहिले असोजमा राजतन्त्र फर्कन्छ फर्कन्छ भनेर प्रधानमन्त्री बन्ने भद्रो हेर्दै आएका थिए । दुर्गा प्रसाई र राप्रपाले हाँकेको आन्दोलनमा राज्यदमन भएपछि आन्दोलनको नेतृत्व मै लिन्छु भनेर अग्रसर पनि भएका थिए । त्यसपछि न उनी आन्दोलनमा देखिए, न आन्दोलन नै उचाल्न सके । डा.गुरुङ आन्दोलनबाट हराएका छन् । कतै देखा परेका छैनन् ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलन सफल भएपछि अन्तरिम सरकार बनेको छ । भदौ ३० गते कालभैरवको सुनको गजूर खसेछ । यो घटनालाई नेपालमा महाअरिष्टको संकेत हो भनिदैछ । कालभैरव न्यायका देवता मानिन्छन् । यो घटनाले नेपालमा न्याय हराएको संकेत गरेको भनिदैछ ।

## धेरै युवा राजनीतिक खेलका कुरामात्र गर्छन्




राजनीतिक एउटा खेल हो, जुन चलाख मानिसहरु खेल्छन्,
र मुर्खहरु दिनभरि राजनीतिक खेल बारेमा चियोचर्चो गरिरहन्छन् ।
- दीपेन्द्र बहादुर शाही सुन्दर शाही